मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

नेपाललाई स्वस्थ बनाउन एचपिभी खोप अभियान

समाचार
पृष्ठ ५ मा



● वर्ष ३ ● अंक ८७ ● २०८१ साल माघ २३ गते बुधबार ● Wednesday 05, February 2025 ● सूर्योदयः बिहान ६:४६ बजे ● सूर्यास्तः साँझ ५:४९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

पर्यटकीय क्षेत्रको विकासबाट दुवै देशले लाभ लिन सक्ने

मधेशदृष्टि
जनकपुरधाम ।

नेपाल भारत खुला सीमा र दुवै देशमा सहज सडक सञ्जालका कारण मधेश र जनकपुरधाममा पर्यटकीय गतिविधि बढाउन सहज हुनेमा वक्ताहरुले जोड दिएका छन् । उनीहरुले रामायण र बौद्धको महत्व स्थल रहेकाले बौद्ध र रामायण सर्किटसँग जोडेर मधेश प्रदेशसहित अन्य ठाउँमा समेत पर्यटकको गतिविधि बढ्नेमा जोड दिए ।

भारतीय महावाणिज्य दूतावास वीरगंज र पिएचडिसिसिआइ इन्डिया नेपाल सेन्टरको आयोजनामा मंगलबार जनकपुरधाममा आयोजित समिटमा वक्ताहरुले तीन तहकै सरकारबीच पर्यटकीय गतिविधि बढाउने कार्यक्रम आवश्यक रहेकामा जोड दिएका हुन् । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मधेश प्रदेशमा धार्मिक पर्यटनको निकै सम्भावना रहेको बताउँदै यसको विकास गरिए विश्वभरका पर्यटक तान्न सकिने बताए । उनले मधेशको पर्यटन क्षेत्र खोजी र पहिचान गरेर आफ्नो नेतृत्वको सरकारले काम गरिरहेको बताए ।



मुख्यमन्त्री सिंहले विदेशी पर्यटकलाई दिनको १ सय ५० देखि २ सय डलरसम्म खर्च गर्नुपर्ने गरी सरकारले नियमकानून नै बनाउनुपर्नेमा जोड दिए । उनले जनकपुरधाम सारा विश्वका हिन्दुको आस्थाको केन्द्र भएकाले यहाँ धार्मिक पर्यटनको निकै सम्भावना रहेको बताए । उनले यहाँ आउने पर्यटकलाई अन्य ठाउँमा घुमाएरसमेत लाभ लिन सकिने बताए । सिंहले 'घुमौं मधेशः बुझौं मधेश'समेत सञ्चालन गरेर पर्यटकीय गतिविधि बढाउने कार्यमा लागेको बताए । उनले स्थलमार्गबाट आउने भारतीय पर्यटकलाई विशेष सुविधा उपलब्ध गराइनु पर्ने बताए । अहिले लाखौं नेपाली महाकुम्भमा स्नान गर्न भारत गएको जानकारी दिँदै भारतबाट पनि पर्यटक र श्रद्धालुलाई जनकपुरधाम आउनु पर्ने भनेर प्रचारप्रसार गरिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत देवी सहाय मिनाले नेपाल भारतबीच निकै पुरानो सम्बन्ध रहेको बताउँदै धार्मिक सम्बन्ध त्रेतायुगदेखि नै रहेकाले समेत जनकपुरधाम धार्मिक पर्यटकका लागि महत्वपूर्ण स्थल रहेको बताए । उनले दुवै देश मिलेर धार्मिक पर्यटन विकासमा भूमिका खेल्नुपर्नेमा जोड दिँदै अहिलेको कार्यक्रमको उद्देश्यसमेत यस्तै रहेको बताए । मिनाले नेपाल र भारतबीचको पर्यटन सहकार्यलाई अझ प्रगाढ बनाउन भौतिक र डिजिटल कनेक्टिभिटीको महत्त्वबारे चर्चा गरे ।

अर्थविद् डा. हरिवंश झाले विश्वभरमै धार्मिक पर्यटनको विकास भइरहेको बताउँदै यो अर्थतन्त्रको विकासमा महत्वपूर्ण हुने बताए । सत्रका अध्यक्ष अतुल ठाकुरले नेपाल–भारत पर्यटन सहकार्यलाई तीव्र बनाउन सरकार–उद्योग साझेदारीलाई थप सशक्त बनाउनुपर्नेमा जोड दिए । जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले मधेश प्रदेशमा पर्यटकीय गतिविधि वृद्धि गर्न सम्मेलनले नयाँ अवसर सिर्जना गर्ने बताए । सम्मेलनमा रामायण र बुद्ध सर्किटका सन्दर्भमा टुर अपरेटरहरूले दुवै देशका पर्यटकलाई आकर्षित गर्ने सम्भावित यात्रा योजना प्रस्तुत गरेका थिए । धार्मिक तथा सांस्कृतिक सर्किट प्रवद्र्धनबाट भारत–नेपाल पर्यटन क्षमताको पूर्ण सदुपयोग गर्न संयुक्त प्रयास आवश्यक रहेको ठहर गरिएको थियो ।

भारत–नेपालबीच उच्च पर्यटन प्रवाहलाई बढावा दिन भौतिक र डिजिटल कनेक्टिभिटीको महत्त्वबारे पनि छलफल भएको थियो । सीमापार पर्यटनलाई थप व्यवस्थित बनाउन सडक, रेल र हवाई सम्पर्क सुधारबारे आवश्यक प्रयासको समीक्षासमेत गरिएको थियो ।

क्वालिफायर खेलाडीको बिदाइ

मधेशदृष्टि
जनकपुरधाम ।

युवा खेलाडीलाई क्रिकेट खेलप्रति प्रोत्साहित गर्ने उद्देश्यले आयोजित राष्ट्रिय हाइस्कूल च्याम्पियनसीप क्रिकेटको मधेश क्वालिफायर खेलाडीलाई बिदाइ गरिएको छ ।

यसअघि भएको प्रतियोगितामा मोनाष्टिक आवासीय माध्यमिक विद्यालयले शानदार प्रदर्शन गर्दै विजयी भएको थियो । मोनाष्टिकले मधेशको उपाधि माल्न हात पारेन, ट्रफी, प्रमाणपत्र र नगद पुरस्कार ५० हजार रुपैयाँसमेत जित्यो । मोनाष्टिकको टोली अब राष्ट्रिय हाइस्कूल च्याम्पियनसीपको अन्तिम चरणमा प्रतिस्पर्धाको तयारीमा जुटेको छ । यसैक्रममा टोली मंगलबार काठमाडौँ प्रस्थान गरेको छ ।

मोनाष्टिक आवासीय माध्यमिक विद्यालयका निर्देशक डा. सोनु साह र खेलकुद प्रशिक्षक वीरेन्द्र कर्णले बधाई दिँदै खेलाडीलाई फूलमाला लगाएर बिदाइ गरे । निर्देशक साहले खेलाडीको मेहनतको सराहना गर्दै राष्ट्रिय उपाधि घर ल्याउने विश्वास व्यक्त गरे । मधेश क्षेत्रको च्याम्पियन मोनाष्टिक टोलीले अब राष्ट्रिय उपाधिको लक्ष्यसहित उत्कृष्ट प्रदर्शन गर्ने आशा गरिएको छ ।



मोनाष्टिक टोलीको कप्तान सचिन राज साह र उपकप्तान राहित कुमार महतो छन् भने विकेट किपरमा शेख गुल्फाम हुसैन छन् । त्यस्तै, अन्य खेलाडी कमलचन्द्र शिवहरे, रवि कुमार शर्मा, मो. सदिक रेजा, सन्तोष यादव, रक्की कुमार ठाकुर, अंकित कुमार यादव, राहुल यादव, धिरज कुमार दास, अमन कुमार साह, मो. अयान अक्रम, शषि कुमार यादव र गोविन्द यादव छन् ।

टोली कोच म्यानेजरका रुपमा बिक्रान्त यादव र संजय सिंह छन् । राष्ट्रिय च्याम्पियनसीपको फाइनल माघ २३ देखि २६ गतेसम्म काठमाडौँमा हुनेछ, जहाँ सात प्रदेशका विजेता टिमसँगै आयोजक टिम पनि प्रतिस्पर्धामा सहभागी हुनेछ ।

कुल ८ टिमबीच हुने प्रतियोगिताले युवालाई आफ्नो प्रतिभा उजागर गर्न महत्वपूर्ण अवसर प्रदान गर्नेछ ।

प्रतियोगितामा विजेता टिमले १ लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछ भने उपविजेताले ५० हजार रुपैयाँ पाउनेछ । त्यस्तै, उत्कृष्ट खेलाडीले १० हजार नगद र ट्रफी प्राप्त गर्नेछ । विधागत उत्कृष्ट खेलाडीलाई पनि १० हजार नगदसहित ट्रफी दिइनेछ ।

प्रतियोगितामा नेपालभरका ५७ हाइस्कूलका टोलीले सहभागिता जनाएका छन् । आयोजकले प्रतियोगिताबाट प्रतिभाशाली खेलाडी चयन भई राष्ट्रियस्तरमा अघि बढ्ने वातावरण निर्माण हुने अपेक्षा राखेको छ ।

मौलापुरमा मधानी महोत्सव हुने

सञ्जय मिश्रा
रौतहट ।

मौलापुर नगरपालिकामा छैठौँपटक फागुनमा भव्यताका साथ मधानी महोत्सव हुने भएको छ । महोत्सवमा भारतीय सिनेजगत बलिउडका सुपरस्टार अभिनेता रविकिशन, मोनालिसादेखि नेपाली दर्जनौँ कलाकारको सहभागिता हुने छ ।

पर्यटन प्रवद्र्धन तथा पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचीमा पुर्याउने उद्देश्यले मौलापुर नगरपालिकाले बर्सेनि आयोजना गर्दै आएको मधानी महायज्ञ यसवर्ष फागुन ११ गतेदेखि १५ गतेसम्म पुरातात्त्विक महादेव मन्दिर परिसरमा हुन लागेको हो । मंगलबार पत्रकार भेटघाटमा यसपटक मधानी महायज्ञ विशेष समारोहको प्रमुख अतिथि मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह रहने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले बताए । ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्व झल्किने किसिमले आयोजना हुनलागेको महायज्ञमा फागुन ११ गते शिव पार्वती पूजन, महाहवन तथा मधानी महोत्सव समुदघाटन, राति स्थानीय नाच, १२ गते शिव बारात यात्रा, राति स्थानीय नाच, १३ गते मधानी विशेष समारोह, १४ गते मधानी विशेष सांस्कृतिक समारोह हुने प्रमुख प्रशासकीय अधिकृत साहले बताए ।

त्यसैगरी, फागुन १५ गते अन्तर्राष्ट्रिय पहलमानको सहभागितामा दंगल कुस्ती, सँगै फागुन ११ गतेदेखि नै विभिन्न खेल तमासा व्यवस्था गरिएको आयोजकले जनाएको छ । फागुन १४ गते हुने मधानी विशेष सांस्कृतिक कार्यक्रममा प्रमुख अतिथि संघीय सांसद तथा पूर्वमन्त्री



प्रभु साह रहने छन् । त्यस्तै, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि अतिथिका रुपमा सहभागी हुनेछन् । सोहीदिन बलिउड र भोजपुरी सुपरस्टार अभिनेता तथा सांसद रविकिशन, सुप्रसिद्ध गीतकार एवम् पूर्वमन्त्री विनय बिहारी, भोजपुरी गायक तथा अभिनेता रितेश पाण्डे, भोजपुरी कलाकार मिन्टुवा, महाकुम्भकी भाइरल मोनालिसा, नेपाली कलाकार सुनिल पण्डित, गायिका अन्नु चौधरी, सद्दाम हुसेन, रचना शिवाकोटी, गायक रुद्र नारायण तिवारी, प्रीति पासवान, प्रिया सुहानी, रौशनीराज, सरिता साह, अर्जुन बिसी, मनिषा राईलगायत दर्जनौँ कलाकारले प्रस्तुती दिने पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

पत्रकार सम्मेलनमा मौलापुर नगरप्रमुख रिनाकुमारी साहले महायज्ञले मौलिक संस्कृति जगेर्ना गर्नुका साथै यस क्षेत्रको विशेष अनुष्ठान मधानीले विश्वस्तरमा चर्चा पाउने बताइन् । पुरातात्त्विक महादेव मन्दिरलाई विश्व सम्पदासूचीमा पुर्याउन आफू निरन्तर प्रयत्नरत रहेको बताउँदै सरकारले त्यसतर्फ ध्यान नदिएको उनले गुनासो गरिन् ।

पूर्वमन्त्री तथा संघीय सांसद प्रभु साहको सल्लाहमा मौलापुर नगरपालिकाले २०७६ देखि प्रत्येक वर्ष मधानी महोत्सव गर्दै आएको छ । पहिलो महोत्सव २०७६ मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी प्रमुख अतिथि तथा पशुपति मन्दिरका मूल भट्टद्वारा विधिवत रूपमा पूजा आराधना गरी शुभारम्भ गरिएको थियो । महाशिवरात्रीको अवसर पारेर मौलापुर पुरातात्विक महादेव मन्दिरमा प्रत्येक वर्ष मधानी महायज्ञ हुँदै आएको छ । छोटो समयमै नेपाल र भारतलगायतका स्थानमा प्रसिद्ध भएको धार्मिक तथा सांस्कृतिक पर्यटनको ठूलो गन्तव्य बनेको पुरातात्विक मन्दिरको प्राङ्गणमा छैठौँपटक मधानी महोत्सव २०८१ गर्न मौलापुर नगरपालिकाको नगरसभाले ८७ लाख रुपैयाँ विनियोजन गरेको पत्रकार सम्मेलनमा प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले जानकारी दिए ।

यो मन्दिर नेपाल सरकारको एकसय प्रमुख पर्यटकीय गन्तव्यमा समावेश भइसकेको छ । हजारौँ वर्ष पुरानो प्राचीन इतिहास बोकेको पुरातात्विक महादेव मन्दिरको अनौठो किसिमको महिमा र विशेषता वक्ताहरुले बताएका थिए । पुरातात्विक महादेव मन्दिरको प्राङ्गणमा आयोजित पत्रकार सम्मेलनमा मेयर साह, उपमेयर नागेन्द्र यादव, प्रमुख प्रशासकीय अधिकृत साह, आम विद्यार्थी मोर्चाका केन्द्रीय अध्यक्ष विवेक कुमार साह, युवा नेता विजय यादवलगायत जनप्रतिनिधिको उपस्थिति थियो ।

मधानी महायज्ञमा नेपाल र भारतका लाखौँ सर्वसाधारणको सहभागिता हुने र त्यसका लागि आवश्यक शान्ति सुरक्षालगायतको व्यवस्था गरिएको छ । मन्दिर रहेको स्थानमा वर्षौं पहिला शिवको मूर्ति फेला परेको थियो । त्यसपछि पुरातत्व विभागले उत्खनन् गरेको थियो । उत्खनन् गर्दा त्यहाँ ऐतिहासिकरुपमा महत्वपूर्ण मन्दिरलगायतका बस्तु फेला परेको थियो । त्यसपछि लगातार उत्खनन् हुँदै गएपछि गुप्तकालीन बस्तु फेला परेकाले पालिका त्यसको संरक्षणमा लागेको छ । हजारौँ वर्ष पुराना मन्दिरसहित विभिन्न बस्तु फेला परेपछि त्यसलाई विश्वसम्पदा सूचीकृत गर्नुपर्ने माग उठ्दै आएको छ ।

अध्यादेशबारे जसपा नेपालमा छलफल



मधेशदृष्टि
जनकपुरधाम ।

जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारले संसदमा पेस गरेको भूमिसम्बन्धी अध्यादेशबारे छलफल गरेको छ । मंगलबार काठमाडौँ, सिंहदरबारमा पार्टीका सांसद, पूर्वसांसद तथा भूमिसँग सम्बन्धित विज्ञसँग पार्टीका उपाध्यक्ष राजकिशोर यादवले छलफल गरेका छन् ।

जसपा नेपालका प्रमुख सचेतक रेखा यादवले भूमिसम्बन्धी अध्यादेशमा कतिपय विवादस्पद विषय कसरी संशोधन गर्ने वा हटाउने भन्नेबारे पार्टीका सांसद तथा विज्ञसँग छलफल गरिएको बताइन् । संसदमा अध्यादेशबारे छलफल शुरु पहिले दलको धारणा बनाउन छलफल गरिएको हो ।

राष्ट्रिय सभामा जसपा नेपालसँग निर्णायक मत छ । सरकारलाई समर्थन गरेको जसपा नेपालले अध्यादेश पास गराउन सहयोग गर्छ कि गर्दैन भन्नेबारे केही बोलेको छैन ।

सोमबार बसेको कार्यकारिणी समितिको बैठकले अध्यादेशबारे अध्ययन गर्न उपाध्यक्ष राजकिशोर यादवको नेतृत्वमा कार्यदल गठन गरेको छ । कार्यदलले मंगलबार र बुधबार दुई दिन अध्यादेशबारे छलफल गर्नेछ । सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनारका जग्गा, जोखिमयुक्त स्थानमा बसोबास गरिएका जग्गा, राष्ट्रिय निकुञ्जको जग्गा, मध्यवर्ती क्षेत्रको जग्गा, हाल रुख बिरुवाले ढाकिएको वनको जग्गा र सडक सीमाभित्रका जग्गालाई भूमिहीनलाई उपलब्ध नगराइने जग्गाका रूपमा अध्यादेशमा उल्लेख छ तर स्थानीय तहले त्यस्ता जग्गाबारे पनि सिफारिस गरेर पठाए भूमिहीनलाई वितरण गर्न सकिने प्रावधान अध्यादेशमा राखिएको छ ।

सरकारले जथाभावी जग्गा वितरण गरेर हिमाल, पहाडबाट तराईमा बसाइ सार्ने नियत राखेको मधेशवादी दलको आरोप छ । अशल सुकुमबासीले जग्गा नपाउने, हुने खानेले जग्गा पाउन सक्ने अवस्था पनि सिर्जना हुन लागेको जसपा नेपालको आशंका छ ।राष्ट्रिय सभाका ५९ सांसदमध्ये कांग्रेस र एमालेसँग २८ सांसदमात्र छन् । राष्ट्रिय सभामा माओवादी केन्द्र सबैभन्दा ठूलो दल हो । राष्ट्रिय सभामा जसपा नेपालका साथै राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक सांसदले साथ दिए मात्र अध्यादेश पारित हुनेछ । जसपा नेपालसँग तीन सांसद छन् ।

"नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था"

कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जा सुविधाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन, परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिकी गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

१)ऋणीको नाम र ठेगाना
क) बाबुनन्द प्रसाद चौरसियाको बुहारी, अरबिन्द प्रसाद चौरसियाको पत्नी जिल्ला पर्सा गा.वि.स भेडिहारी वडा नं. ३, हाल कालिकामाई गाउँपालिका वडा नं २ मा बस्ने (ना.प्र.न. ७६६५ मिति २०६३/०९/१४ जि.प्र.का. ,पर्सा) वर्ष **४१ की शान्ती देवी वरै।**
कर्जाको सुरक्षण विवरण
क) बाबुनन्द प्रसाद चौरसियाको बुहारी, अरबिन्द प्रसाद चौरसियाको पत्नी जिल्ला पर्सा गा.वि.स भेडिहारी वडा नं. ३, हाल कालिकामाई गाउपालिका वडा नं २, मा बस्ने (ना.प्र.न. ७६६५ मिति २०६३/०९/१४ जि.प्र.का. पर्सा) वर्ष **४० की शान्ती देवी वरै।** को नाममा दर्ता कायम रहेको पर्सा जिल्ला ,वीरगंज उ.म.न.पा. वडा नं. १३ स्थित रहेको किता नं. ३१५ र ३९३ को जम्मा क्षेत्रफल क्रमशः ५७.७२ र ५०.५० व.मि. को घरजग्गा।
व्यक्तिगत जमानीकर्ताहरु :
क) स्व. जग मोहन राउतको नाति ,दिनदयाल राउत बरैको छोरा जिल्ला पर्सा, गा.वि.स भेडिहारी वडा नं. ३, हाल कालिकामाई गाउपालिका वडा नं २ बस्ने (ना.प्र.न. १३५९०४५४ मिति २०३८/०४/०७ जि.प्र.का. पर्सा) वर्ष **८२ को बाबुनन्द प्रसाद चौरसिया।** ख) बाबुनन्द प्रसाद चौरसियाको छोरा, शान्ती देवी बरैको पति जिल्ला पर्सा कालिकामाई गाउँपालिका वडा नं २, बस्ने (ना.प्र.न. १३५९२५४३ मिति २०५५/१/२५ जि.प्र.का. पर्सा) वर्ष **४४ को अरबिन्द प्रसाद चौरसिया।**
२)ऋणीको नाम र ठेगाना
क) स्व. रामजी प्रसाद श्रेष्ठको बुहारी, कृष्ण कुमारको पत्नी घोडदौड पिप्रा गा.वि.स वार्ड.नं.१ पर्सा, हाल विरगंज म.न.पा वार्ड नं २, पर्सा बस्ने (ना.प्र.न. १५३३/३२७१०९७९ जारी मिति २०४५/०१/२७. जि.प्र.का. पर्सा) वर्ष ६१ को **सत्य भामा श्रेष्ठ.....१** स्व. रामजी प्रसाद श्रेष्ठको नाति, कृष्ण कुमारको छोरा घोडदौड पिप्रा गा.वि.स वार्ड.नं.१ पर्सा, हाल विरगंज म.न.पा वार्ड नं २ बस्ने (ना.प्र.न ३४३२७११३६८ जारी मिति २०५९/११/२९ जि.प्र.का. पर्सा) वर्ष ३८ को **प्रदिप श्रेष्ठ.....२।**
कर्जाको सुरक्षण विवरण
क) व. रामजी प्रसाद श्रेष्ठको बुहारी, कृष्ण कुमारको पत्नी घोडदौड पिप्रा गा.वि.स वार्ड.नं.१ पर्सा, हाल विरगंज मा.न.पा वार्ड नं २, पर्सा बस्ने (ना.प्र.न. १५३३/३२७१०९७९ जारी मिति २०४५/०१/२७. जि.प्र.का. पर्सा) वर्ष ६१ को **सत्य भामा श्रेष्ठ** को नाममा दर्ता कायम रहेको पर्सा जिल्ला ,वीरगंज वडा नं. २ स्थित रहेको किता नं. ५१ को जम्मा क्षेत्रफल ९३.११ को घरजग्गा।
व्यक्तिगत जमानीकर्ताहरु :
क) स्व. रामजी प्रसाद श्रेष्ठको नाति, कृष्ण कुमारको छोरा, विरगंज म.न.पा. वार्ड.नं.०२ पर्सा बस्ने (ना.प्र.न.**३४१०२२/४५६३** जारी मिति **२०६५/०७/०५**. जि.प्र.का. पर्सा) वर्ष ३४ को **दिपेन्द्र श्रेष्ठ।** ख) स्व. रामजी प्रसाद श्रेष्ठको छोरा, प्रदिप श्रेष्ठको बुवा, घोडदौड पिप्रा गा.वि.स वडा नं.०१,हाल विरगंज म.न.पा. वार्ड.नं.०२ पर्सा बस्ने (ना.प्र.न. **३२७१०१२५** जारी मिति **२०३५/०९/०२** . जि.प्र.का. पर्सा) वर्ष **६६** को **कृष्ण कुमार।** ग) कृष्ण कुमारको बुहारी, प्रदिप श्रेष्ठको पत्नी, विरगंज म.न.पा. वार्ड नं १२, पर्सा, हाल विरगंज म.न.पा वार्ड नं ०२, पर्सा बस्ने (ना.प्र.न. **१६०३२९५९०** जारी मिति **२०६०/०१/११**. जि.प्र.का. पर्सा) वर्ष **३९** को **सीता श्रेष्ठ।**
३)ऋणीको नाम र ठेगाना
क) वैजनाथ राउत बरैको छोरी, मंकेश्वर राउत बरैको बुहारी, अमोद राउत बरैको पत्नी जिल्ला पर्सा, प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) **बस्ने(ना.प्र.न.३४३०६५/१०२** जारी मिति **२०६३/११/५** जि.प्र.का. पर्सा) **बर्ष ४६ की शिला देवी।** **ख)** मोहन राउत बरैको छोरी ,मकेश्वर राउत बरैको बुहारी ,प्रमोद राउत बरैको श्रीमती जिल्ला पर्सा, गा.वि.स प्रशुरामपुर वडा नं.०४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) मा बस्ने (ना.प्र.न.**३४१०६५/१०८**, जारी मिति **२०६७/०८/०९** जि.प्र.का.,पर्सा) वर्ष **४२** को **गीता देवी।** **ग)**जदु राउत बरैको नाती, मंकेश्वर राउत बरैको छोरा जिल्ला पर्सा, प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) बस्ने (ना.प्र.न.**७७१८११४४** मिति **२०५५/०६/०८** जि.प्र.का. पर्सा) वर्ष ४९ को **अमोद राउत बरै।**
कर्जाको सुरक्षण विवरण
क) वैजनाथ राउत बरैको छोरी, मंकेश्वर राउत बरैको बुहारी, अमोद राउत बरैको पत्नी जिल्ला पर्सा, प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) **बस्ने(ना.प्र.न.३४३०६५/१०२** जारी मिति **२०६३/११/५** जि.प्र.का. पर्सा) **बर्ष ४६ की शिला देवी** को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, विरंचीवर्वा वडा नं.४ (हाल जिल्ला पर्सा, कालिकामाई, गा.पा वडा नं. ५) स्थित कित्ता नं. ५३१ को जम्मा क्षेत्रफल ४०६३.५६ व.मि. को घरजगग्गा। **ख)** मोहन राउत बरैको छोरी मकेश्वर राउत बरैको बुहारी प्रमोद राउत बरैको श्रीमती जिल्ला पर्सा, गा.वि.स प्रशुरामपुर, वडा नं.०४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) मा बस्ने (ना.प्र.न.३४१०६५/१०८, जारी मिति २०६७/०८/०९ जि.प्र.का.पर्सा) वर्ष **४२** को **गीता देवी** को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, विरंचीबर्वा वडा नं.२ स्थित कित्ता नं. १०० को जम्मा क्षेत्रफल ३२००.०४ व.मी. र वडा नं. ४ स्थित कित्ता नं. ५१६ र ४८० को जम्मा क्षेत्रफल ८४.६५ र १५९८.९६ व.मी. को घरजग्गा। **ग)** स्व.सुखै राउत बरैको नाती, स्व.जदु राउत बरैकोछोरा जिल्ला पर्सा,प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४)बस्ने (ना.प्र.न.७०१८०२९९ मिति २०३६/०५/२१ जि.प्र.का.पर्सा) बर्ष ८१ को **मंकेश्वर राउत बरै** को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, बिरंचीबर्वा वडा नं.४ स्थित कित्ता नं. ५१५ को जम्मा क्षेत्रफल ११८.५१ व.मी. को घरजग्गा। **घ)** जदु राउत बरैको नाती, मंकेश्वर राउत बरैको छोरा जिल्ला पर्सा, प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) बस्ने (ना.प्र.न.७७१८११४४ मिति २०५५/०६/०८ जि.प्र.का. पर्सा) बर्ष ४९ को **अमोद राउत बरै** को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, वनकटवा वडा नं.७ (हाल जिल्ला पर्सा, पोखरिया ना.पा वडा नं. ३) स्थित कित्ता नं. ११८१ र ११८३ को जम्मा क्षेत्रफल०-०-१८-५ र ०-२-०-० को घरजग्गा।
व्यक्तिगत जमानीकर्ताहरु :
क) जदु राउत बरैको नाती, मंकेश्वर राउत बरैको छोरा जिल्ला पर्सा, प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) बस्ने(ना.प्र.न.**७७१८११४४** मिति **२०५५/०६/०८** जि.प्र.का. पर्सा) बर्ष ४९ को **अमोद राउत बरै।** ख) स्व.सुखै राउत बरैको नाती, स्व.जदु राउत बरैको छोरा जिल्ला पर्सा,प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४)बस्ने (ना.प्र.न.**७०१८०२९९** मिति **२०३६/०५/२१** जि.प्र.का.पर्सा) बर्ष ८१ को **मंकेश्वर राउत बरै।** ग) जदु राउत बरैको बुहारी,मंकेश्वर राउत बरैको पत्नी जिल्ला पर्सा,प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) बस्ने (ना.प्र.न.**७०१८०३००** मिति **२०३६/०५/३१** जि.प्र.का. पर्सा) बर्ष ७९ की **राजपति देवी।** घ) वैजनाथ राउत बरैको छोरी, मंकेश्वर राउत बरैको बुहारी, अमोद राउत बरैको पत्नी जिल्ला पर्सा, प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) **बस्ने(ना.प्र.न.३४३०६५/१०२** जारी मिति **२०६३/११/५** जि.प्र.का. पर्सा) **बर्ष ४६ की शिला देवी।** ङ) मोहन राउत बरैको छोरी, मंकेश्वर राउत बरैको बुहारी, प्रमोद राउत बरैको पत्नी जिल्ला पर्सा, प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) बस्ने(ना.प्र.न.**१०६५/१०८** मिति **२०६७/०८/०९** जि.प्र.का. पर्सा) बर्ष ४२ की **गीता देवी।** च) जदु राउत बरैको नाती, मंकेश्वर राउत बरैको छोरा जिल्ला पर्सा,प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) बस्ने (ना.प्र.न.**७०१८०९६२** मिति **२०४४/१२/१७** जि.प्र.का.पर्सा) बर्ष ५२ को **प्रमोद राउत बरै।** छ) जदु राउत बरैको नाती, मंकेश्वर राउत बरैको छोरा जिल्ला पर्सा, प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) बस्ने (ना.प्र.न.७०१८११७१ मिति २०५६/०६/०५ जि.प्र.का. पर्सा) बर्ष ४३ को **विनोद कुमार चौरसीया।** ज) बिनोद कुमार चौरसियाको छोरी, मंकेश्वर राउत बरैको बुहारी, बिनोद कुमार चौरसियाको पत्नी जिल्ला पर्सा, प्रशुरामपुर वडा नं. ४ (हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. वडा नं.४) बस्ने (ना.प्र.न. **३४३०१६/१८३** मिति **२०६४/०१/१०** जि.प्र.का. पर्सा) बर्ष ३६ की **नितु कुमारी चौरसिया।** झ) जदु राउत बरैको नाती, मंकेश्वर राउत बरैको छोरा जिल्ला पर्सा, प्रशुरामपुर वडा नं. ४ बस्ने (ना.प्र.न.३४३०६५/१५० मिति २०६३/११/०६ जि.प्र.का. पर्सा) बर्ष ३९ को **गुडु राउत बरै।**
४)ऋणीको नाम र ठेगाना
प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय , वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विरगंज, पर्सामा मिति २०७१/०१/२४ गते प्रा.फ.र.नं.३२२०२/०७०/०७१ दर्ता भै,सखुवा प्रसौनी गा.पा.,महुवन वडा नं. ०५ पर्सा कार्यालय रहेको **महाविर ट्रेड कन्सर्न ।**
कर्जाको सुरक्षण विवरण
क) जयगोविन्द सा तेलीको बुहारी, राज कपुर साह(तेली) को श्रीमती जिल्ला पर्सा, सखुवा प्रसौनी वडा नं. ०५ घर बस्ने (ना.प्र.न. ३४-०१-७६-१०९८६ मिति २०७६/१०/१५, जि.प्र.का. पर्सा) वर्ष ३५ को रुमा देवी साहको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा महुवन वडा नं ०६ स्थित किता नं १५४ र १५५ को जम्मा क्षेत्रफल क्रमशः ०-४-०-० र ०-४-०-० को घर जग्गाहरु। ख) सेवक साह तेलीको नाति, रामटहल सा तेलीको छोरा जिल्ला पर्सा, महुवन वडा नं.०३ घर भई हाल जिल्ला पर्सा सखुवा प्रसौनी गा.पा. वडा नं. ०५ बस्ने (ना.प्र.न. ५०९४०१८१ मिति २०३६/०१/१३, जि.प्र.का. पर्सा) वर्ष ९० को जयगोविन्द सा तेलीको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा महुवन वडा नं ०३ स्थित किता नं ५६ को जम्मा क्षेत्रफल ०-१-६-० को घर जग्गा।
व्यक्तिगत जमानीकर्ताहरु :
क)जयगोविन्द सा तेलीको बुहारी, राज कपुर साह(तेली) को श्रीमती जिल्ला पर्सा, सखुवा प्रसौनी वडा नं. ०५ घर बस्ने (ना.प्र.न. ३४०१७६१०९८६ मिति २०७६/१०/१५, जि.प्र.का. पर्सा) बर्ष ३६ को **रुमा देवी साह।** ख) सेवक साह तेलीको नाति, रामटहल सा तेलीको छोरा जिल्ला पर्सा, महुवन वडा नं.०३ घर भई हाल जिल्ला पर्सा सखुवा प्रसौनी गा.पा. वडा नं. ०५ बस्ने (ना.प्र.न. ५०९४०१८१ मिति २०३६/०१/१३, जि.प्र.का. पर्सा) बर्ष ९० को **जयगोविन्द सा तेली।** ग)रामटहल सा तेलीको नाती, जयगोविन्द सा तेलीको छोरा,जिल्ला पर्सा गाविस महुवन वडा नं. ०३ भई हाल जिल्ला पर्सा, सखूवा प्रसौनिगा.पा. वडा नं. ०५, बस्ने (ना.प्र.न. ५७९६१७३४मिति २०५९/११/२०, पर्सा) बर्ष ३९ को **राज कपुर साह (तेली)।** घ)रामटहल सा तेलीको नाती, जयगोविन्द सा तेलीको छोरा,जिल्ला पर्सा गा.वि.स. महुवन वडा नं. ०३ भई हाल जिल्ला पर्सा, सखूवा प्रसौनि गा.पा. वडा नं. ०५, बस्ने(ना.प्र.न. ५७९४१६७१ मिति २०५८/०५/२१, पर्सा) बर्ष ४१ को **अनिल कुमार साह।**
नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

प्रधान कार्यलय : गीतामन्दिर रोड, वीरगंज (पर्सा)
फोन नं. ०५१-५३१०३१
शाखा कार्यलय : बसपार्क (बाइंपास) वीरगंज,
ड्राइपोर्ट (श्रीसीया), वीरगंज, टेडारोड, चार्नी, (जितपुर)

बुहारी करणी गर्नेविरुद्ध उजुरी

मधेशदृष्टि
सिरहा।

३२ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा ५७ वर्षीय ससुराविरुद्ध पीडितले इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिएका छन्।

पति वैदेशिक रोजगारीका लागि विदेशमा रहेकाले आरोपित ससुराले धाकधम्की दिई बिगत एक वर्षदेखि बलात्कार गर्दै आएको र माघ १७ गते पनि बलात्कार गरेपछि प्रतिकार गर्दा ससुराले कुटपिट गरेको पीडित महिलाले उजुरीमा उल्लेख गरेकी छिन्।

पीडितको स्वास्थ्य परीक्षण माघ १९ गते प्रादेशिक अस्पताल लहानमा भएको छ।

इलाका प्रहरी कार्यालय लहानका इन्स्पेक्टर शिव कट्टेलले घटनाको जानकारी माघ १९ गते नै आएकाले पीडितको स्वास्थ्य परीक्षण गरिएको बताए। घटनापश्चात आरोपित फरार रहेकाले खोजतलास भइरहेको इन्स्पेक्टर कट्टेलले जानकारी दिए।

परम्परा धान्न कन्या–कन्याबीच विवाह



बलबहादुर ओली
रुकुम पश्चिम।

आफ्नो गाउँ समाजअनुसार आआफ्नै वेशभूषा चालचलन रीतिरिवाज हुन्छन्। त्यसैमध्येको एक हो, रुकुम पश्चिमको मुसिकोट नगरपालिका–७ साँखमा लाग्ने पापिनी मेला। परम्परागत रूपमा लाग्दै आएको यो मेलामा पनि अनौठो संस्कार छ– जहाँ कन्या–कन्याबीच विवाह हुन्छ तर त्यो नक्कली हो। परम्परा धान्न नक्कली विवाह हुने गरेको स्थानीय बुढापाका बताउँछन्।

हरेक वर्ष माघ १५ गते राति यहाँ कन्या–कन्याबीच विवाह हुने परम्परा छ। यसपटक पनि दुई गाउँका किशोरीका बीचमा विवाह सम्पन्न भयो। साँख गाउँको बीचमा दह छ। यही दहको तलपट्टिको गाउँलाई तलिगाउँ र माथिपट्टिको गाउँलाई माथि गाउँ भनिन्छ। यिनै तलिगाउँ र माथिगाउँका किशोरीका बीचमा हरेक वर्ष विधिपूर्वक नै विवाह गरिदिने प्रचलन छ। यो विवाहलाई 'पापिनी विवाह' भनिने स्थानीयवासी पदमा ओलीले बताए। उनका अनुसार यो वर्ष तलिगाउँमा बेहुली भित्याइएको छ। अघिल्लो वर्ष तलिगाउँबाट माथिगाउँ बेहुली लगिएको थियो। यो क्रम हरेक वर्ष आलोपालो हुने गरेको ओलीले बताए।

'किशोरीलाई नै बेहुला र बेहुलीका रूपमा सजाएर चलिआएको रीतअनुसार बेहुली माग्ने, जन्ती लिएर जाने र माइती पक्षले पनि रीतअनुसार नै छोरीलाई अन्माएर पठाउने परम्परा रहेको छ। यही माघ १४ गते साँझ दुलही माग्न जाने र १५ गते साँझ दुलाहा पक्ष बाजागाजासहित धुमधामका साथ जन्ती लिएर दुलही लिन जाने र सोही दिन माइती पक्षले विवाह गरिदिएर छोरीलाई अन्माउने प्रचलन छ। अघिल्लो साता तलिगाउँबाट जन्तीसहित गएका दुलाहा पक्षले माथिगाउँबाट दुलही ल्याएर तलिगाउँ आएर कन्या–कन्याबीच विवाह सम्पन्न गरेका थिए।

विवाहमा परम्परागत पापिनी नाच देखाइन्छ। दुलही लिन आएका बेहुला पक्षलाई स्वागत गर्न माइती पक्षमा पापिनीका रूपमा सजिएका किशोरीहरूले नाच देखाउँछन् भने दुलही लिएर गएपछि घर पक्षमा खुसियालीका रूपमा यो नाच उनै पापिनीहरुले नाच्छन्। लहरै लागेर तालमा ताल मिलाएर नाचिने यो नाचले सबैलाई आकर्षित गरेको हुन्छ। पापिनी मेलाको प्रमुख आकर्षणमध्येको एक यो नाच यो पनि हो।साँखमा मानव बस्ती बस्न थालेदेखि नै साँख दहमा नाटकीय विवाह गर्ने चलन शुरु भएको किंवदन्ती छ। हरेक वर्ष नाटकीय विवाह र नाचगान नगर्दा गाउँमा अकालमै मान्छे मर्छन् वा अनिष्ट हुन्छ भन्ने जनविश्वास लामो समयदेखि रहिआएको स्थानीय अगुवा बताउँछन्। हरेक वर्ष साँखका दुई गाउँले पापिनी तयार गर्छन् र परम्परा चलाउँछन्। परम्परा चलाउने कन्यालाई भने 'पापिनी'को नाम दिइएको छ। पापिनी हुन जनजाति समुदायको, बिहे नगरेको र नाङ्ग जान्ने हुनुपर्छ। यही योग्यताका आधारमा पापिनी छानिन्छन् भने अगुवा पनि त्यसरी नै छनोट गरिन्छ। 'गाउँको चालचलन धान्ने कन्या पापिनी हुनु परेको छ, यो उहिलेकै चलन हो,' स्थानीय अगुवा पूर्णबहादुर बुढाले भने। 'पापिनी' अगुवाको निर्देशन र पहलमा माघ १ गतेदेखि नै साँख दहको डिलमा थला बस्न शुरु गरिन्छ। माथि गाउँका पूर्णबहादुर बुढाले वर्षौंदेखि यसको अगुवाइ गर्दै आएका छन्। हरेक राति तलीगाउँकी पापिनी दहको तल्लो डिल र माथिगाउँकी पापिनी माथिल्लो डिलमा बस्ने गर्छन्। आगो बाल्ने, सिस्नो खेल्ने र नाङ्ने काम थला बसेका बेला गरिने बुढाले बताए। हरेक वर्ष माघ १४ गते बेहुला पक्षका पापिनी बेहुली माग्न अर्को गाउँ अर्थात् दहको अर्को डिल जान्छन्। रासस

जोखिमयुक्त झोलुङ्गे पुलमार्फत यात्रा

तनहुँ।

प्रसिद्ध धार्मिकस्थल देवघाटधाममा एकमहिने महामहोत्सव चलिरहेको छ। महामहोत्सव लागेसँगै भक्तजनको आगमन बढ्दो छ। भीड बढेपछि जीर्ण अवस्थामा पुगेको झोलुङ्गेमार्फत आवतजावत गर्न भक्तजन बाध्य भएका छन्। तनहुँको देवघाट गाउँपालिका र चितवनको भरतपुर महानगरपालिका जोड्ने त्रिशूली नदीमाथिको झोलुङ्गे पुलबाट आवतजावतमा समस्या हुनाका साथै जोखिममा यात्रा गर्न भक्तजन बाध्य छन्। भीड घेरै हुँदा पुल चुँडिने जोखिम भएपछि आवतजावतका लागि सीमा तोकिएको छ।

भक्तजनको भीडका कारण तोकिएको सीमा पार हुने गरेको स्थानीय बताउँछन्। जोखिम न्यूनीकरणका लागि एक पटकमा १०० जना मात्र आवतजावत गर्न स्थानीय प्रशासनले अनुमति दिएको छ। भीड बढी हुँदा अनुमति कार्यान्वयनमा आउन मुस्किल भएको छ। जोखिमबाट बच्नका लागि पुलको दुवैतर्फ प्रहरी परिचालन गरिएको छ।

जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचनामा त्रिशूली नदीमा रहेको ४४ वर्ष पुरानो झोलुङ्गे पुलमा तीर्थयात्रीको चाप बढ्दा जोखिम भएकाले सीमा निर्धारण गरिएको उल्लेख गरिएको छ। पुलमा वारपार गर्न नियन्त्रित रुपमा एकपटकमा एकसय व्यक्तिमात्रै आवतजावत गर्ने र मोटरसाइकल पूर्ण रुपमा बन्द गर्ने व्यवस्था मिलाउन जिल्ला प्रहरी कार्यालयसहित सबै सरोकारवालालाई निर्देशन दिइएको छ।

सस्पेन्सन बृज डिभिजन पुल्चोक ललितपुरले सोमबार जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाउँदै पुल तथा सर्वसाधारण यात्रुको सुरक्षाका लागि पुलमा सावधानीका सबै उपाय अवलम्बन गर्न अनुरोध गरेको थियो। सो ठाउँमा मोटरेबल पुल नहुँदा भक्तजन अझै पनि झोलुङ्गे पुलमार्फत यात्रा गर्न बाध्य भएका छन्।

वर्षौंअघि देखि मोटर चल्ने पुलको माग राखे पनि सुनुवाइ नहुँदा भक्तजन बढ्दाको समयमा समस्या भएको तनहुँको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले बताए। माघेसङ्क्रान्ति मेला लाग्ने बेलामा मात्रै समस्या आउने गरेको जीर्ण अवस्थामा पुगेको झोलुङ्गे पुलको यात्रामा अहिले अझ जोखिम बढेको उनले बताए।

'देवघाटधाममा भक्तजनको हिन्दू धर्मावलम्बी आउने स्थान हो, सहज हुने गरी झोलुङ्गे पुल भएकै स्थानमा मोटरेबल पुलको आवश्यकता छ,' अध्यक्ष थापाले भने, 'अकल्पनीय घटना नघटोस् भनेर पटक पटक सम्बन्धित निकायसमक्ष यस स्थानमा मोटरेबल निर्माण गर्न माग गरिरहेका छौं, तर हाम्रो मागको सुनुवाइ भने भएको छैन।' उनले पालिकाले मात्रै यहाँको पुल निर्माण गर्न सक्ने बजेट नहुँदा पनि प्रदेश तथा सङ्घ सरकारसमक्ष माग गरिरहेका भए पनि बेवास्ता गर्ने गरेको पाएको बताए।

चितवनको दासढुङ्गा, ठिमुरा र नवलपुरतर्फमा मोटरेबल पुल छन्। तर आफ्ना सवारी साधन नभई दर्शनका लागि आउने भक्तजनलाई घुमाउरो पर्ने हुँदा पनि जोखिमयुक्त झोलुङ्गे पुलमार्फत यात्रा गर्न भक्तजन बाध्य भएका हुन्। पुल विसं २०३७ मा निर्माण गरिएको हो। भक्तजनको आवतजावत बढ्ने समयमा मर्मत गर्दै सञ्चालनमा ल्याउने गरिएको छ। दीर्घकालीन रुपमा समस्याको समाधान हुने अवस्थातर्फ भने सरकारको ध्यानाकर्षण गएको छैन। रासस

किसानमा छाएन श्रमिक पर्वको उमङ्ग

मधेशदृष्टि
महोत्तरी ।

यसपाली यहाँका किसानलाई वसन्त उत्सवको उमङ्ग छाएको छैन । प्राचीन मिथिलाञ्चलसहित मधेशमा वसन्तपञ्चमीका दिन वर्षभरि कृषि कार्य गर्नेले श्रमिक पुज्ने परम्परा रहेको छ । यस वर्ष यहाँका किसानले आगामी वर्षका लागि वरपर श्रमिक नपाएपछि यो पर्व मनाउन पाएनन् । किसानका लागि पर्वको सबैभन्दा महत्वपूर्ण पक्ष मानिने श्रमिक पूजन गर्न नपाएपछि यहाँका किसान निराश भएका छन् । 'पैछला कतेक दिन स जनके खोजी करैत आयल छी, मुदा अहुबेर अई सालक वसन्तपञ्चमीमें पुजवाला जन नई भेटल'(कति दिनदेखि श्रमिक खोजेँ, तर यसपटक वसन्तपञ्चमीमा पुज्न श्रमिक भेटिएनन्) भङ्गाहा–५ भूचक्रपुरका किसान दीपनारायण चौधरी थारुले भने, 'आब बुझायल जे खेतीपातीके काज नइ कर सकब' (अब बुझ्दैछु, खेतीपातीका काम गर्न सकिन्न) ।' बर्दिबास–७ का ७५ वर्षीय रामउदगार महतोले पनि श्रमिक पुज्न नपाएपछि कृषिउपज प्रशस्त उत्पादन नहुने हो कि भन्ने चिन्ता व्यक्त गरे । पछिल्ला १० वर्षयता नियमित रूपले श्रमिक पुज्न नपाउँदा वसन्तपञ्चमी पर्व आएको महसुस हुन छोडेको उनले बताए । 'बस्ती वरपर कोही जन (श्रमिक) पाइन्छन् कि भनेर खोजी गरियो, तर भेटिएनन्', महतोले उदास हुँदै भने, 'किसानका लागि पर्वको रौनक नै हरायो ।' मिथिलामा किसानका लागि मुख्य उत्सवको पाटो श्रमिक पूजन हुने हुँदा त्यो अवसर नपाएपछि पर्व निराश बनेको किसान बताउँछन् । मधेशको प्राचीन मिथिला क्षेत्रमा आउने वर्षभरिको कृषि कार्य (हलो÷कोदालो चलाउने, गाईभैँसी चराउने, घाँसपात गर्नेसहितका काम) का लागि वसन्तपञ्चमीका दिन श्रमिकको टुङ्गो गर्ने चलन छ । यसरी टुङ्गो लगाएपछि ती श्रमिकलाई घरमा बोलाएर मिष्ठान्न परिकार खुवाउने, बस्त्र, दक्षिणालगायत सामग्री दिने चलन रहेको महतोले जानकारी दिए । 'यस चलनलाई 'जन पुज्ने' भनिन्छ । तर गाउँ, बस्तीमा कृषि श्रमिक पाउनै छाडेपछि यहाँ यो पर्वको परम्परा हराउँदै गएको छ', उनले भने । माघ शुक्ल पञ्चमीका दिन यो पर्व मनाइन्छ । यस दिन टुङ्गो लगाइएका श्रमिकका साथमा कैयौँ परिकार बनाएर खाइने मैथिल परम्परा रहेकामा पछिल्लो समय लोप हुँदै गएको भङ्गाहा–४ का किसान हरिदेव साहले बताए । 'आफ्नो बस्तीमात्र नभएर छिमेकका गाउँटोलमा पनि कोही भेटिएनन्', उनले भने, 'जन नपाएर पुज्ने विधिसम्म पनि गर्न नपाएपछि हामीलाई पर्वको उल्लास आएन ।' श्रीपञ्चमी पर्व किसानका लागि एक वर्षसम्म काम गर्ने श्रमिकको वरण गर्ने मिथिला



क्षेत्रको महत्वपूर्ण पर्व हो । श्रमिकलाई खुसी पार्न नयाँ लुगा, मिष्ठान्न परिकारका खाना र दक्षिणा दिएर किसानले पर्व मनाउने गर्दछन् । पर्वको मुख्य पाटो श्रमिक नपाएपछि किसान निराश भएका हुन् । गाउँबस्तीका कृषि कार्यको जनशक्ति कमाउन भारतको हरियाणा, पञ्जाव गएपछि यहाँ जनको अभाव भएको महतोले बताए । मधेशमा मुसहर, बाँतर जाति समुदाय कृषिका लागि दक्ष मानिन्छन् । यी समुदायले कृषि उत्पादनका लागि मजदुरी गरेर प्राप्त पारिश्रमिकबाट जीविकोपार्जन गर्दै आएकामा पछिल्लो समय रोजगारीका लागि भारतसहित अन्य मुलुक जान थालेपछि टोलबस्तीमा वृद्धवृद्धा, महिला र ससाना बालबालिकाहरू मात्र देखिन्छन् । मुसहर, बाँतर समुदायका युवा कमाउन भारतसहित अन्यत्र गएपछि यहाँ कृषि जनशक्तिको अभाव भएको औरही–७ का श्यामसुन्दर यादवले बताउनुभयो । खोज्दा जन नपाएपछि आपूm ले पछिल्ला दुई/तीन वर्षदेखि यो पर्व मनाउन छोडेको उनको भनाइ छ ।

पर्वमा श्रमिक पुज्न यो समुदायका युवा पनि विदेश जान थालेपछि किसानले यसपटक लोहार पनि छान्न पाएनन्', उनले भने । मिथिलामा श्रीपञ्चमी पर्वमा किसानले कृषि ज्यावललाई धोइ पखाली पूजा पनि गर्दछन् । यसरी पूजा गरिएका ज्यावल टिकाउ हुने मैथिल जनविश्वास छ । यसै दिन खेतबारीमा हलगोरु नारेर केही फन्का घुमाउने चलन छ । यसैगरी भर्खरका बहर (जोत्ने उमेर पुगेका गोरु) लाई जोत्ने कार्यका लागि सधाउन नार्ने चलन छ । पछिल्लो समय जनशक्ति नभएपछि यी कुनै काम हुने, चल्ने अवस्था हराएको रामराजीको भनाइ छ ।

कामका लागि भारत र अन्य खाडीमुलुक जाने जनशक्ति यहाँ रोक्न नसक्ने हो भने अब खेतीपाती धान्ने अवस्था हराउँदै जाने यहाँ चिन्ता देखिन्छ । कृषि कामका पोख्त मानिने मुसहर, बाँतर समुदायका पाका अभिभावक यहाँको पारिश्रमिकले परिवार धान्न नसकेपछि आफ्ना छोराहरू भारत जानु परेको बताउँछन् । अपेक्षित उत्पादन नहुने र उत्पादित फसलले उचित मूल्य नपाएपछि किसान अन्यत्र जान थालेका हुन् ।

'बजार मँहगो हुँदै गएको छ । यहाँको मजदुरीबाट आएको आम्दानीले जीविकोपार्जन हुन छाडेपछि युवा विदेश पलायन हुन थालेका हुन्', बर्दिबास–९ का किसान महेन्द्र महतोले भने । यस्ता मौलिक परम्पराको संरक्षण र प्रवद्र्धन गर्न स्थानीय सरकारले रोजगारीका अवसर सृजना गरी युवालाई स्वदेशमा काम गर्ने वातावरण बनाउनुपर्नेमा उनले जोड दिए ।

सहयोगापेक्षीलाई ह्विल चेयर वितरण



मधेशदृष्टि
वीरगंज ।

उपकार सेवा नेपालले वीरगंज महानगरपालिका वडा नम्बर १, छपकैयाका दुई सहयोगापेक्षी व्यक्तिलाई ह्विल चेयर वितरण गरेको छ ।

छप्कैयाका रन्जन दास र श्यामनाथ तुरहालाई दुई थान ह्वीलचेयर प्रदान गरेको छ । सामाजिक अभियन्ता प्रकाश थारूका अनुसार, केही दिनअघि आयोजित निःशुल्क आँखा शिविरको क्रममा ती व्यक्तिरूसँग भेटघाट भएको थियो । उक्त शिविरका क्रममा उनीहरूको असहज परिस्थितिबारे जानकारी पाएपछि समाजसेवाको क्षेत्रमा क्रियाशील उपकार सेवा नेपालले अपांगता भएका तथा असहाय व्यक्तिहरूलाई सहयोग गर्दै आइरहेको छ । यस सहयोगले रन्जन दास र श्यामनाथ तुरहाको दैनिक जीवनयापनमा सहजता ल्याउने विश्वास गरिएको सामाजिक अभियन्ता प्रकाश थारूले बताए । दुवै जनाको शारीरिक अवस्था पुर्ण रुप अपाङ्ता भएकाले उनीहरूको अवस्थालाई ख्याल गर्दै उनीहरुको घरमै पुगेर ह्विल चेयर प्रदान गरेको हो । कार्यक्रममा संस्थाकी अध्यक्ष विद्या कुमारी सरावगी, जनमत पार्टी पर्सा जिल्ला अध्यक्ष ओम प्रकाश सर्राफ लगायत स्थानीयहरुको समेत उपस्थिति रहेको थियो ।

मालबाहक ट्रक नियन्त्रणमा



मधेशदृष्टि
वीरगंज ।

बारा प्रहरीले २९ लाखभन्दा बढीको सामान सहित एउटा मालबाहक ट्रक नियन्त्रणमा लिएको छ । सोमबार राति साढे ११ बजे प्रहरीले जितपुर सिमरा उपमहानगरपालिका–७ बाट लु १ख ७९६९ नम्बरको मालबाहक ट्रक नियन्त्रणमा लिएको हो । वीरगंजबाट रुपन्देहीतर्फ जाँदै गरेको ट्रकमा बिल बिजक भन्दा बढीको सामान देखिएपछि नियन्त्रणमा लिइएको बारा प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बताए । करिब २९ लाख ४८ हजार ९५३ रुपैयाँ बराबरको सामानको स्रोत खुलाउन नसकेपछि प्रहरीले ट्रक नियन्त्रणमा लिएको उनले बताए । ट्रकमा हार्डवेयर, आल्मुनियम सिट, इलेक्ट्रो पेन्टिङ वेयर, कटप मेसिन, सब बिलेट, बालनट इन्सेल लगायत सामान थिए । सामान र ट्रक मंगलबार राजश्व अनुसन्धान कार्यालय पथलैयामा पठाइएको छ ।

आफ्नै पालामा सुकुम्बासीका समस्या समाधान गर्छुः अहमद

मधेशदृष्टि
वीरगंज ।

भूमिही दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका सम्बन्धमा पर्साका दलित अगुवा एवम् अधिकारकर्मीहरुसँग अन्तरक्रिया गरिएको छ । भूमि समस्या समाधान आयोग पर्साले वास्तविक समस्या र समस्याको समाधानका विषयमा दलित अगुवासँग अन्तरक्रिया तथा छलफल गरेको हो । जिल्ला प्रशासन कार्यालय पर्साको सभाकक्षमा भएको अन्तरक्रियालाई सम्बोधन गर्दै पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याललले पर्साका भूमिहीन दलित र सुकुम्बासीलाई आयोगले जग्गा वितरण गर्दा कुनै पनि प्रकारको दबाब वा प्रभाव पर्न नपर्ने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'भूमि सम्बन्धी समस्या भूइँ मान्छेको, गरिबको र दलितको समस्या हो । त्यसैले हामी सबै जिम्मेवारपूर्वक लागौ । पर्सा जिल्लामा हामीले निष्पक्ष रूपमा काम गर्छौं, ढुक्क रहनुहोस् ।' १८ औँ पटक गठन भएको भूमि समस्या समाधान आयोग अब १९ औँ पटक गठन गर्ने अवस्था आउन नदिने गरी काम गर्न उनले अनुरोध गरे । साथै यही समितिले भूमि सम्बन्धी समस्या समाधान गर्ने उनको विश्वास छ । समस्या समाधानका लागि आयोगले जग्गा वितरण र व्यवस्थापनका लागि अपनाएका प्रक्रिया तथा मापदण्डका विषयमा दलित अगुवा तथा अधिकारकर्मीहरूलाई सही सूचना प्रवाह गर्न आग्रह गरे । भूमि समस्या समाधान आयोग पर्साका अध्यक्ष तबरेज अहमदले पनि आफ्नै पालामा समस्या समाधान गर्ने प्रतिबद्धता जनाए । विगतमा जे जति भएपनि अब आफ्नो पालामा तिव्र गतिमा काम भइरहेको उनले दाबी गरे । आयोगको अध्यक्षमा पुनः नियुक्ती पाएसँगै आफुले सबैभन्दा पहिला दलित अगुवा एवम्



अधिकारकर्मीसँग छलफल र अन्तरक्रिया गरेको उनको भनाई छ । अध्यक्ष अहमदकाआनुसार जसको समस्या हो, उसैले समाधानका लागि पहलसँगै नेतृत्वदायी भूमिका पनि निर्वाह गर्नुपर्छ । उनले भने, 'जुन समुदायको समस्या छ, समाधानको नेतृत्व पनि त्यही समुदायको हुनुपर्छ ।' आयोगले थालेको कार्यमा समन्वय, सहयोग र साथ दिन उनले दलित समुदायका अगुवा तथा अधिकारकर्मीहरूलाई आग्रह गरे । कार्यक्रममा सहभागी दलित अगुवा तथा अधिकारकर्मीहरूले व्यक्त गरेका गुनासा तथा सुझावलाई आयोगको केन्द्रीय निकायमा पु¥याउने प्रतिबद्धता पनि अध्यक्ष उनले व्यक्त गरे । आयोगले पर्सामा गरेका काम र प्रगती समावेश गरिएको स्मारिका पनि प्रकाशन गर्ने तयारी भइरहेको उनले सुनाए । २०१३ सालमा राजाकै पालामा कम्पनीको रुपमा स्थापना भएपनि अहिलेसम्म भूमि सम्बन्धी समस्या समाधान नहुनु दुखद भएको उनको भनाई छ । पिस फर दलित फाउन्डेसनका अध्यक्ष मनोज रामले भूमिहीन दलित र सुकुम्बासीलाई जग्गा वितरणका लागि आयोगले बनाएको प्रक्रिया झन्झटिलो रहेको बताउँदै त्यसलाई सहज बनाउन सुझाव दिए । साथै, उनले आयोगले लक्षित समुदायको लगत संकलन गर्दा छुटेका व्यक्तिहरूलाई समेट्नुपर्ने माग राखे । नापी कार्यालय पर्साका प्रमुख राकेश झाले आयोगले निर्धारण गरेका लक्षित समूह, जग्गा वितरणका मापदण्ड र प्रक्रिया सम्बन्धमा जानकारी गराए । समितिका सदस्य सचिव समेत रहेका झाकाअनुसार एक इन्च पनि आफ्नो र परिवारका कसैको नाममा जग्गा नभएका र आयआर्जनबाट जग्गा खरिद गर्न नसक्नेले जग्गा प्राप्त गर्नेछन् । यस्तै अव्यवस्थित रुपमा बसोबास गर्नेहरुले भने जग्गा पाउने छैनन् । उनीहरुलाई व्यवस्थित गरिनेछ भने त्यसबापत निश्चित रकम पनि राजस्व तिर्नुपर्ने उनले स्पष्ट पारे । भूमिहिन दलित र भूमिहीन सुकुमबासीलाई सरकारी र सकारात्मक सूचीका जग्गा मात्र वितरण गरिनेछ । त्यस्तै उनले गलत विवरण पेश गरेकाहरुलाई दण्ड तथा जरिवाना हुने पनि जानकारी गराए ।

कार्यक्रममा वीरगंज महानगरपालिका वडा नम्बर ३ की सदस्य संगीता दास, पत्रकार बृजलाल पासवान, राष्ट्रिय दलित पत्रकार संघ पर्साका अध्यक्ष श्याम पासवान, दलित महिला संघकी निला राम, लबकुश बैठा, बुनेल राम, शिवनारायण राम लगायतको उपस्थिती रहेको थियो । कार्यक्रमको सहजीकरण नापी कार्यालयका अधिकृत राजकुमार विश्वकर्माले गरेका थिए ।

श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ शुरु



मधेशदृष्टि
वीरगंज ।

पर्साको सखुवा प्रसौनी गाँउपालिका–२ रामभैरी टोलमा श्रीमद भागवत सप्ताह ज्ञान महायज्ञ शुरु भएको छ । यसअघि मंगलबार महायज्ञको पहिलो दिन भव्य कलश यात्रा निकालिएको थियो । रामभौरीस्थित रामेश्वर मन्दिरमा शुरु भएको महायज्ञको पहिलो दिन कलश यात्रा निकाल्नुका साथै भगवान् शिव र माता पार्वतीको प्राण प्रतिष्ठापनि गरिएको थियो । महायज्ञस्थलबाट शुरु भएको कलश यात्रामम परम्परागत भेषभूषामा सजिएका महिला, बालबालिका, किशोरी, युवती सहितका श्रद्धालुहरुले श्रीपुर, पन्चगावा बजारको परिक्रमा गर्दै पटेर्वा सुगौली गाँउपालिका–२ भौरीमाईमा रहेको भौरीमा जल भरेर पुन महायज्ञस्थलमा फर्किएका थिए ।

कलशयात्रामा सखुवा प्रसौनी गाउँपालिकाकी पूर्व उपाध्यक्ष फुलमती देवी चौधरी, महायज्ञ आयोजक समितिका सदस्य लगायतकाको पनि सहभागीता रहेको थियो ।

धार्मिक, सामाजिक र सांस्कृतिक एकताको सन्देश दिन तथा लोक कल्याण हेतु मंगलबारदेखि शुरु महायज्ञ माघ ३० गतेसम्म चल्ने छ ।

जनकपुरमा अन्तर्राष्ट्रिय चलचित्र महोत्सव गरिने



मधेशदृष्टि
जनकपुरधाम ।

नेपाली चलचित्र क्षेत्रको अन्तर्राष्ट्रियकरण, बजार प्रवद्र्धन तथा सम्भावना खोजी गर्दै प्रथम जनकपुर अन्तर्राष्ट्रिय चलचित्र महोत्सव गरिने भएको छ ।

काठमाडौँमा आयोजक संस्था संवाद फाउन्डेसनले चलचित्रकर्मी तथा सञ्चारकर्मीको उपस्थितिमा महोत्सव घोषणा गरेको हो । महोत्सवमा नेपाली तथा अन्तर्राष्ट्रिय चलचित्र प्रदर्शन गरिनेछ । महोत्सवमा विभिन्न श्रेणी समावेश गरिएका छन् । नेपाली चलचित्रको अन्तर्राष्ट्रियकरण, विश्वमञ्चमा स्थापित, फिल्म साक्षरता प्रवद्र्धन तथा दर्शकमा चलचित्रको महत्त्व बुझाउने उद्देश्य आयोजकको छ ।

यस्तै, युवा फिल्मकर्मीलाई प्रेरित र अन्तर्राष्ट्रिय फिल्म समुदायसँग मिलनसँगै नेपाली पर्यटन प्रवद्र्धनमा योगदान पुर्याउने आयोजकको दाबी छ । महोत्सवका लागि १ सय १४ भन्दा बढी देशका चलचित्रको आवेदन परिसकेको र नेपाली पानोरामामा आवेदन आउने क्रम जारी रहेको आयोजकले जनाएको छ । महोत्सव फागुन १६गतेदेखि १८ गतेसम्म जनकपुरको मैथिली भवनमा हुनेछ ।

सम्पादकीय

मधेशमा एचपिभी खोप

मधेश प्रदेशका जिल्लामा विश्व क्यान्सर रोग दिवसका अवसर पारेर महिलाको पाठेघरमा लाग्ने रोगविरुद्धको निःशुल्क एचपिभि खोप अभियान आरम्भ भएको छ। मधेशको राजधानी जनकपुरधामसँगै मधेशका आठ जिल्लामै अभियान चलाइएको छ । यो राष्ट्रिय अभियान पनि हो । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहले स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवलाई एचपिभि खोपको किट हस्तान्तरण गरेर जनकपुरधामा अभियान शुरुआत भएको घोषणा गरेका थिए। यो अभियान १० वर्ष देखि १४ वर्ष उमेर समूहका किशोरीलाई लक्ष्यित छ।

सरकारले देशभरका किशोरीलाई निःशुल्क एचपिभि खोप दिने तयारीसहित अभियानलाई राष्ट्रियरुपमा चलाएको छ । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधन प्रसाद सिंहले नेपालमा क्यान्सर रोगको समस्या निकै ठूलो रहेको र त्यसमा महिलाको पाठेघरमा लाग्ने रोगका कारण दैनिक चार जनाको मृत्यु भइरहेकाले क्यान्सर रोगविरुद्धको खोपका अभियानमा कोही पनि छुट्न नहुने बताएका थिए । अहिले अभियानमा चलाइएको खोज निकै महँगो खोप हो। यो खोप लिएको खण्डमा पाठेघरमा लाग्ने क्यान्सर रोगमाथि विजयी हासिल गर्न सकिने बताइएको छ । यसैले नेपाली महिलालाई अब क्यान्सर नहोस् भनेर शतप्रतिशत किशोरीलाई खोप अभियानमा जोड्ने सरकारको तयारी छ।

अभियानमा मधेश प्रदेशका कुनै पनि किशोरी पाठेघरमा लाग्ने क्यान्सर रोग विरुद्धको खोप लिनबाट छुट्न नहुने र त्यसका लागि सबै भूगोलका जनप्रतिनिधिले विशेष पहल गर्न जरुरी देखिएको छ।

मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निमित्त सचिव राजेश मिश्रले आफ्नो परिवारमा एक जना महिलालाई पाठेघरको क्यान्सर रोग लागेको र त्यसको पीडाबारे आफू जानकार भएको अनुभव सुनाउँदै अहिले सरकारले राष्ट्रियरुपमै चलाएको अभियानमा कुनै पनि किशोरीहरू खोपबाट छुट्न नहुने गरी काम गरिनु पर्ने बताए । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका शिक्षाध्यक्ष एवम् वरिष्ठ स्त्रीरोग विशेषज्ञ प्राध्यापक डा. रामनरेश पण्डितले मुलुकमा निःशुल्क एचपिभी खोप लगाउने उमेर समूहका किशोरीमध्ये मधेश प्रदेशमा मात्र एक चौथाइ रहेकाले यसलाई सफल बनाउने काम सबैको भएको दोहो¥याए। मधेश प्रदेशका १ सय ३६ पालिकामा ३ लाख ६९ हजार १ सय २४ किशोरीलाई एचपिभी खोप दिइने कार्यक्रम तय भएको छ।

यस्तै, विद्यालयको पहुँचमा नभएका अरु ७५ हजार २ सय ११ किशोरीलाई स्वास्थ्य संस्थामा खोप लगाइने योजना बनाइएको छ। खोप अभियान अन्तर्गत १० वर्ष देखि १४ वर्ष उमेर समूह वा कक्षा ६ देखि १० कक्षासम्मका किशोरीलाई फागुन ६ गतेसम्म खोप दिने कार्यक्रम छ।

यस्तै, विद्यालय बाहिर रहेका किशोरीलाई पनि नजिकको खोपकेन्द्रमा लगेर खोप दिइने योजनालाई शतप्रतिशत कार्यान्वयन जरुरी देखिएको छ । विद्यालय जानेहरुलाई शिक्षकहरुले पनि विश्वस्त बनाउन सक्छन् तर विद्यालय बाहिर रहेका ७५ हजार किशोरीलाई खोप दिने अभियानमा पनि नागरिक समाजका सबै सदस्यको उस्तै जिम्मेवारी रहन्छ र अभिभावकलाई खोप लिने विषयमा पनि साक्षर बनाउन जरुरी छ।

आवश्यकताका आधारमा संविधान संशोधन



मायाप्रसाद शर्मा
सांसद, राष्ट्रिय सभा

राष्ट्रियसभामा प्रतिनिधित्व गरेको पाँच वर्ष भयो। हामीले लामो सङ्घर्षबाट प्राप्त गरेको सङ्घीयता, धर्मनिरपेक्षता र समानुपातिक–समावेशीलगायत प्राप्त अधिकारलाई जनतासम्म पुर्याउने काम गर्दै आएका छौं । संविधानमा उल्लेखित अधिकार कार्यान्वयनका लागि कानून बनाउने काम राष्ट्रियसभाले गरिरहेको छ । तर संविधान बनेको करिब १० वर्षको अवधिलाई समीक्षा गर्दा संविधानले परिलक्षित गरेका धेरै कानून अझै बन्न सकेका छैनन् । त्यसमा विभिन्न कारणले काम गरेको हुन्छ। हामी संसदीय प्रणालीमा छौं । संसद्मा अङ्कगणितको जोडघटाउ चल्छ । यद्यपि, कानून बनाउने सवालमा सबैभन्दा बढी समय दिएका छौं। विशेषगरी हाम्रो आवश्यकतालाई योग्यतामा जोड्ने, योग्यतालाई रोजगारीमा जोड्ने, रोजगारीलाई बजारसँग जोड्ने र बजारलाई प्रतिफलमा जोड्नेतर्फ हामी जानुपर्छ।

राष्ट्रियसभा प्रतिनिधिसभाभन्दा अलिक फरक छ । हामीले कुनै पनि विषयमा मसिनोसँग छलफल गछौं। सहमति भएका विषयमा एकमतका साथ पारित गर्छौं। हामीसँग समय पनि पर्याप्त हुन्छ। यहाँ दलको खिचातानी कम हुन्छ । तर दुःखको कुरा भन्नुपर्छ, हामीले पारित गरेर पठाएका विधेयक प्रतिनिधिसभामा गएर अड्किन्छन् । राष्ट्रियसभाले पारित गरेका सातवटा विधेयक प्रतिनिधिसभामा प्रवेशपछि शून्यमा परिणत भए। कतिपय विधेयक फेरि राष्ट्रियसभामै फर्किएका उदाहरण पनि छन्। छलफल, बहस र कारबाहीको हिसाबले राष्ट्रियसभा सफल छ। माथिल्लो सदन भए पनि सत्तापक्ष प्रतिपक्षको झल्को देखिन्छ । तर अलि बढी संयमित भएर, तार्किक छलफल गर्ने परिपाटी सभामा हुने गरेको छ। राष्ट्रियसभाअन्तर्गतका समितिहरू निरन्तर चलिरहेका छन्। सभाका मातहतका समिति कोरम नपुगेर स्थगित हुने गरेको छैन।

राष्ट्रियसभाका क्रियाशील मुख्यतः चारवटा समितिमध्ये विधायन व्यवस्थापन समिति विधेयक निर्माणमा केन्द्रित छ । विकास, आर्थिक मामिला तथा सुशासन समितिले आर्थिक विकास एवम् सुशासनको क्षेत्रमा तथा सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिले राष्ट्रियताको संवर्द्धनका विषयमा काम गर्दै आएको छ । पछिल्लो तीन वर्षयता म सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको सभापति रहेर काम गरिरहेको छु । मेरो समितिले मुख्यतः चारवटा विषयलाई हेर्छ। समितिले सार्वजनिक नीति, प्रत्यायोजित विधायन, सरकारी आश्वासनसम्बन्धी कार्य, राष्ट्रिय महत्वका दस्तावेज, अभिलेख व्यवस्थापन तथा ऐतिहासिक एवं पुरातात्विक सम्पदासम्बन्धी विषयलाई हेर्दै आएको छ।

म सभापति भएदेखि पाँच वर्षको अवधिमा यो समितिमा कोरम नपुगेका कारण समितिको बैठक स्थगित गर्नुपरेको छैन । त्यसकारण फरकपनबाट संसदीय अभ्यास भइरहेको हुँदा राष्ट्रियसभाको गरिमा अझ बढेर गएको छ।

संविधान लिखित दस्तावेज हो । संविधानलाई समय सान्दर्भिक पनि बनाउनुपर्छ। तर मुख्य कुरा सबैभन्दा पहिला संविधान निर्माण, कार्यान्वयन र संशोधनबारे गम्भीर समीक्षा हुनुपर्छ । संविधान बनेको करिब १० वर्ष भयो। पहिला यो १० वर्षको समीक्षा हुन जरुरी छ, संविधान कार्यान्वयन भएको छ–छैन ? कार्यान्वयन नहुनुका कारण पत्ता लगाउनुपर्छ । हामीले संविधानमा मुलुकलाई समाजवादतर्फ अग्रसर गराउने भनेका छौं । राजनीतिक, सांस्कृतिक, सामाजिकसमेत रोजगारी सृजना, उद्योग कलकारखानाको स्थापना, विकास निर्माणजस्ता विषयमा संविधानमै कुनै बाधा व्यवधान भए त्यसलाई सम्बोधन गर्नेगरी संविधान संशोधन गर्नुपर्छ। तर कुनै सरकार, कुनै पार्टीको, पार्टीका दलका नेताका स्वार्थका लागि संविधान संशोधन गर्नु हुँदैन। संविधान संशोधनलाई सत्ताको भर्याङ बनाउनु हुँदैन । खासमा, संविधान संशोधन उत्पीडित समुदायको उत्थानतर्फ लक्षित हुनुपर्छ। तर, यस्ता विषय अहिले ओझेलमा परेका छन्। संविधान संशोधन केका लागि, किन गर्ने भन्ने विषयमा प्रष्ट हुनुपर्छ। म त भन्छु, शासकीय स्वरुपलाई फेरबदल गर्नका लागि संविधान संशोधन गर्नुपर्छ । देशमा राजनीतिक स्थायित्व र विकासका लागि राष्ट्रपति वा प्रधानमन्त्री प्रत्यक्ष निर्वाचित बनाउनका लागि संविधान संशोधन गर्नुपर्छ।

अहिलेको निर्वाचन प्रणाली असाध्यै महँगो भयो । निर्वाचनमा उम्मेदवार हुन चाहनेहरूले दलको टिकट प्राप्त गर्न रकम बुझाउनुपर्ने खतरनाक परिस्थिति निर्माण हुँदैछ । जोसँग धन छ उसैले टिकट पाउने गरेको आमजनतालेपनि महसुस गर्न थालेका छन् । धन हुनेले टिकट पाएपछि उसले चुनावमा पनि धेरै खर्च गर्ने नै भयो। यस्तो खर्चिलो, भड्किलो निर्वाचन प्रणालीलाई परिवर्तन गर्नुपर्छ। विडम्बना त के छभने, समानुपातिक निर्वाचनतर्फ पनि धनाढ्य र बाहुबलीहरू नै हाबी हुन थालेका छन्।

हामीले रोजगारी सृजना गर्नका लागि शिक्षा, स्वास्थ्य, कृषिलगायत विषयमा आमूल परिवर्तन गर्नुपर्ने देखिन्छ। विकासको कुरा गर्दैगर्दा कतिलाई रोजगारी दिन सकियो भन्ने विषय मुख्य हो । अहिले पनि गाउँका धेरै युवा विदेश पलायन हुन थालेका छन्। गाउँ खाली भइरहेका छन्। गाउँमै रोजगारी सृजना गर्नेगरी विकासका अभियान सञ्चालन गर्नुपर्ने अवस्था छ। तर यहाँ त भएका उद्योग पनि बन्द भएका छन्।

(राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित समितिका सभापति मायाप्रसाद शर्मा भेरी नगरपालिका–११ जाजरकोटमा जन्मिएका हुन् । शर्माको राजनीतिक यात्रा २०३८ सालतिर अनेरास्ववियुबाट शुरु भएको हो । पछि शिक्षक सङ्गठन हुँदै २०५२ सालदेखि तत्कालीन माओवादीले शुरु गरेको जनयुद्धसँगै उनको भूमिगत राजनीतिक यात्रा शुरु भयो । संविधानसभाका सदस्य शर्मा अहिले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को केन्द्रीय सदस्य हुन्।) रासस

संरक्षण अभावमा खण्डहर भोजपुरको टक्सार बजार



युवराज विष्ट

औद्योगिक, व्यापारिक र सांस्कृतिक क्षेत्रको पहिचान बनाएको ऐतिहासिक टक्सार बजार यतिबेला संरक्षणको पर्खाइमा छ । यहाँ बनेका कलात्मक शैलीका घरहरू खण्डहर बनेसँगै यो स्थानको मौलिकतासमेत मेटिँदै गएको छ । पञ्चायतकालदेखि बहुदलीय व्यवस्था आउँदासम्म लाखौँ मूल्यका धातुका सामग्री उत्पादन हुने र टक (डोली पैसा) छाप्ने टक्सार बजार केही वर्षयता सुनसान छ । यहाँ निर्माण भएका धातुका सामानहरू देशविदेशमा परिचित छन् । राणाकालीन समयमा नेपालभर आवश्यक पर्ने टक (डोली पैसा) छापिएको ऐतिहासिक बजार हो टक्सार।

भोजपुर सदरमुकामनजिकै रहेको टक्सार कुनै समय व्यापारिक केन्द्रको रूपमा स्थापित बजार पनि हो। यस बजारको भू–भाग तत्कालीन खिकामाछा थुमअन्तर्गत रहेको यहाँका बुढापाकाहरूले बताउने गरेका छन्। १८७२ देखि १८८७ सालसम्म यहाँ डोली पैसा बन्ने गरेको ऐतिहासिक तथ्य रहेको स्थानीयवासी किशोरकुमार ताम्राकार बताउँछन्। यहाँ खानी अड्डा स्थापना गरेर तत्कालीन समयमा पाटनबाट ल्याइएका कालिगडले फलाम र तामाका डोली पैसा बनाउने गरेको उनले जानकारी दिए। अहिले पनि ती पैसाहरू पाउन सकिने उनको भनाइ छ।

यहाँ टकमारी गरी बनाइएका एक तोला र दुई तोला तौलका (टक डोली) पैसा राणाकालमा प्रचलित थियो । यहाँ टक काट्ने पहिलो कालिगड देवदत्त शाक्य रहेको ताम्राकारले बताए। पाटनबाट टक्सार आएका नेवार जातिले आफ्नो भाषा, धर्म, संस्कार र संस्कृति यस स्थानमा भित्र्याएका थिए । 'यो स्थान टक अर्थात् पैसा बनिने रूपमा चिनिन्छ,' उनले भने, 'अहिले पनि यहाँ बनेका टक पाउन सकिन्छ। त्यति मात्र होइन, यो स्थान औद्योगिक क्षेत्रको रूपमा समेत परिचित थियो । यहाँका अधिकांश घरमा धातुका सामग्रीहरू निर्माण हुन्थे। तर, अहिले यो पेसा पनि लोप हुने अवस्थामा पुगेको छ भने बजार सुनसान बन्दै गएको अवस्था छ।'

तत्कालीन नेपाल सरकारले १८७२ सालदेखि भोजपुर, खोटाङ, उदयपुर, ओखलढुङ्गा, सोलुखुम्बु, सङ्खुवासभा, धनकुटा, तेह्रथुम, ताप्लेजुङ र इलामसहितका पूर्वी पहाडका जिल्लामा खनिज पदार्थ उत्खनन् गर्न टक्सारमा खानी अड्डा स्थापना गरेको थियो। टक्सारमा टक छाप्ने पेसा शाक्य वंशले गर्दै आएको ताम्राकार बताउँछन्। पैसा काटेर बढी भएको धातु यहाँका कालिगडलाई दिएर धातुका सामग्री बनाउने कामको थालनी भएको उनको भनाइ छ।

त्यतिबेला यहाँका हरेक घरमा धातु उद्योग तथा धातुका सामग्री बिक्री हुने गथ्यो । 'यहाँ १८७२ सालमा खानी अड्डा स्थापना गरेर टकमारी गरेको देखिन्छ,' ताम्राकारले भने,'यहाँ पूर्वी क्षेत्रबाट खनिज पदार्थ सङ्कलन गरेर टकमारी गरेको पाइन्छ। टक काटेर बढी भएको धातुलाई यहाँका स्थानीयलाई दिएर धातुका सामग्री बनाउने कामको थालनी भएको देखिन्छ । विभिन्न सरकारी अड्डाहरू स्थापना भएपछि यहाँ बस्ती विस्तार भएको पाइन्छ।'

२०१३ सालमा राजा महेन्द्रले टक्सारलाई औद्योगिक क्षेत्रका रूपमा घोषणा गरेको ताम्राकारले जानकारी दिए । त्यो समयमा यहाँ दुईदेखि ३ सय परिवारको बसोबास थियो । त्यतिबेला बजारमा मानिसहरूको चाप धेरै हुने गरेको स्थानीयवासीको भनाइ छ । २००७ सालपछि यहाँ रहेका सरकारी अड्डा भोजपुर बजारमा स्थानान्तरण गरिएसँगै टक काट्ने काम हट्यो। टक काट्ने काम हटेपछि अन्ततः बजार पनि सुनसान बनेको यहाँका जानकारहरू बताउँछन्।

टक्सारमा बनेका हस्तकलाका सामग्री भुटान, चीनको तिब्बत, भारतको दार्जिलिङ, आसाम, सिलगढी र कोलकातासम्म निर्यात हुने गरेको थियो । यहाँ रहेका हस्तकलाका धातुका सामग्री बन्ने उद्योगहरू पनि बर्सेनि बन्द भइरहेका छन्। यहाँका कालिगडहरूले हाते उद्योगको सहायताले बनाएका काँसका थाल, करुवा, आम्खोरा, बटुकालगायत सामग्री अहिले पनि देश–विदेशमा परिचित छन्।

दशकौँअघिसम्म दर्जनौँको संख्यामा रहेका धातु



उद्योग अहिले पाँचवटामा सीमित भएको स्थानीय कालिगड विमल शाक्यले बताए। यी उद्योगहरूले बजारको मागलाई धान्न समस्या रहेको उनको भनाइ छ। यसलाई पुस्तान्तरण नगरिएमा पेसा नै सङ्कटमा पर्ने अवस्था रहेको उनले बताए। यो पेसाप्रति मानिसको चासो हराउँदा पछिल्लो समयमा आएर टक्सारको मौलिकतासँगै ऐतिहासिक महत्त्व मेटिने अवस्था आएको उनको भनाइ छ। 'टक्सार धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेको बजार हो,' उनले भने, 'तर यो बजार सुनसान बन्दै गएको अवस्था छ । विगतमा दर्जनौँको संख्यामा रहेका धातु उद्योग पाँचवटामा सीमित छन् । यहाँ उत्पादन भएका धातुका सामग्रीको धेरै माग हुन्छ तर हामीले बजारको मागलाई धान्न सकेका छैनौँ।'

एक समयमा 'सानो पाटन' को नामले समेत परिचित यो ठाउँमा रहेका कलात्मक घरहरू पनि भत्किँदै गएका छन्। यहाँको मौलिकता बोकेका धातु उद्योगहरू धमाधम बन्द भइरहेको स्थानीयवासी सुर्जबहादुर उदासले बताए । बसाइँसराइका कारण टक्सारको अस्तित्व मेटिँदै गएको उनको भनाइ छ।

कोइलालगायत कच्चा सामग्रीको अभावका कारण पनि धातु उद्योग सङ्कटमा परेको उदासले बताए। 'टक्सार पूर्व क्षेत्रको एक ऐतिहासिक बजार हो,' उदासले भने, 'तर यो बजारको ऐतिहासिकतासँगै मौलिकता पनि हराउँदै गएको छ।' मुख्य रूपमा बसाइँसराइका कारण यो बजार खण्डहर बन्दै गएको छ। अधिकांश कलात्मक घर प्रायः खाली छन् भने कतिपय घरहरू भत्किसकेका छन्। यहाँका मानिसहरू घर छोडेर अन्यत्र बसोबास गर्दा कलात्मक रूपमा निर्माण गरिएका घरहरू जीर्ण भएर बजारको स्वरुप बिग्रिँदै गएको उनको भनाइ छ।

टक्सारका पम्परागत धातु उद्योग बन्द हुँदा भोजपुर जिल्लाकै चिनारी धमिलिँदै बन्दै गएको उदासले बताए । घर अलपत्र छाडेर यहाँका मानिसहरू काठमाडौँ, धरान विराटनगरलगायत ठाउँमा बस्दै आएको उनको भनाइ छ। यहाँका करिब ५० देखि ६० प्रतिशत मानिसहरू घर छोडेर अन्यत्र बसाइ गइसकेको उनले बताए।

उदासले भने, 'टक्सार बजार देशकै पहिचान बोकेको ऐतिहासिक बजार हो । मिनी पाटन उपनामले चिनिएको यो बजार बसाइँसराइका कारण उजाड बनेको छ। कलात्मक शैलीमा निर्माण गरिएका मठमन्दिर पनि जीर्ण बनेका छन्। बजार सुनसान छ।'

राणाहरूले टक्सारबाट डोली पैसा चलाएको समयमा नै यहाँ मठमन्दिर, विहार, गुम्बा, चैत्य, धारा, पाटीपौवा र मूर्तिहरू बनाइएको स्थानीय बुढापाकाहरू बताउँछन् । तत्कालीन समयमा भोजपुरको धोद्लेखानीबाट तामा ल्याएर टकसँगै विभिन्न सामग्रीहरू निर्माण गरिन्थ्यो । इतिहासअनुसार १६औँ शताब्दीको अन्त्यतिर पाल्पाका सेन राजाको राज्यअन्तर्गत रहेको पाइन्छ । माझ किराँतको खिकामाछामा टक काट्ने काम भएसँगै त्यतिबेला यहाँ थुप्रै माल, अड्डा अदालतहरू पनि खोलिएको स्थानीय जानकारहरूको भनाइ छ।

अहिले आएर टक्सारवासी आफ्नो घरबार छोडेर अन्यत्र गएपछि बजार सुनसान बनेको स्थानीयवासी रोशन शाक्यले बताए। पितापुर्खाले गरी ल्याएको पेसाको निरन्तरतास्वरुप आफूले अहिले धातुका सामग्री बनाउने काम गरिरहेको उनको भनाइ छ । त्यो समयका यहाँ बसोबास गर्ने हुनेखाने वर्ग अन्यत्र गएपछि बजारको थप विकास तथा विस्तारमा बाधा पुगेको उनको भनाइ छ।

बसाइँ सरेर गएका मानिसहरूले आफ्नो घर बिक्री नगरी अलपत्र छाडिदिँदा बजारका त्यस्ता घरहरू जीर्ण बनेको भोजपुर नगरपालिका–१२ टक्सारका वडाध्यक्ष देवी कार्कीले बताए । यहाँको ऐतिहासिकतालाई बचाई राख्न वडाका तर्फबाट आवश्यक काम गरिरहेको वडाध्यक्ष कार्कीको भनाइ छ । मुख्य रूपमा यहाँका धातुका सामग्री बनाउने पेसालाई संरक्षण गर्न आवश्यक रहेको उनले बताए।

विगतमा धेरैको संख्यामा रहेका धातु उद्योग अहिले लोप हुँदै गएको वडाध्यक्ष कार्कीले भनाइ छ। 'यहाँ परम्परागत रूपमा गरिँदै आएको धातुका सामग्री बनाउने उद्योगहरू बन्द हुँदै गएका छन्,' वडाध्यक्ष कार्कीले भने, 'अहिले थोरैको संख्यामा मात्र उद्योग सञ्चालनमा छन् । मुख्य रूपमा बसाइँसराइका कारण टक्सार बजारको विकास हुन सकेको छैन।'

यहाँको घर छाडेर काठमाडौँ, विराटनगरलगायत शहरमा बस्नेहरूले हालसम्म पनि घरजग्गा अलपत्र छाडिदिँदा बस्ती विस्तारमा समस्या रहेको कार्कीको भनाइ छ। 'धेरैले घर छाडेर हिँडेका छन्,' उनले भने, 'ती छाडिएका घरहरू भत्किन थालेको अवस्था छ। नयाँ बस्ती विस्तार हुन सकेको छैन।'

यहाँको सौन्दर्यलाई ध्यानमा राख्दै भावी दिनका कामलाई अघि बढाउने उनले बताए । टक्सारमा शाक्यमुनि बौद्ध विहार छ। यो बौद्ध विहार १९९३ सालमा स्थापना गरिएको हो। सोही क्षेत्रमा रहेको सरस्वती गुम्बाको पनि संरक्षण हुन सकेको छैन। टक्सार बजार भोजपुर सदरमुकामबाट करिब दुई किलोमिटरको दूरीमा अवस्थित छ।

यहाँ नजिकै टक्सार विमानस्थल छ । टक्सार बजारका धातु उद्योगहरूलाई ब्युँताएर यस बजारको मौलिक पहिचानलाई जीवित बनाइराख्न पलायन भएका व्यवसायीहरूलाई अभिप्रेरित गर्नुपर्ने खाँचो रहेको स्थानीय जानकारहरू बताउँछन् । यहाँको मौलिक कला र उद्योगको संरक्षणका लागि आवश्यक साधन र स्रोत उपलब्ध गराउन जरुरी देखिएको छ । अहिले बजारको मागलाई यहाँका उद्योगहरूले धान्न सकिरहेका छैनन् । बजारमा जनघनत्व घटेसँगै विभिन्न खालका धातुका सामग्री बनाउने जनशक्ति बाहिर पलायन भएपछि यस्तो अवस्था आएको स्थानीयवासीको भनाइ छ। रासस

राष्ट्रपति पौडेलसँग बेलायती अधिराजकुमारको भेटवार्ता



काठमाडौँ ।
राष्ट्रपति रामचन्द्र पौडेलसँग नेपाल भ्रमणमा रहेका संयुक्त अधिराज्य बेलायतका अधिराजकुमार डुयक अफ एडिनब्रा एडवार्डले शिष्टाचार भेटवार्ता गरेका छन् । राष्ट्रपति भवन शीतल निवासमा मंगलबार भएको शिष्टाचार भेटमा उनीहरुबीच द्विपक्षीय आपसी हितका विविध विषयमा छलफल भएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।
भेटमा राष्ट्रपति पौडेलले जलवायु परिवर्तन आजको विश्वको प्रमुख चिन्ताको विषय भएकाले यो समस्या समाधानका लागि सबै मिलेर काम गर्नुपर्ने बताएका थिए । 'जलवायु परिवर्तन आज विश्वको प्रमुख चिन्ताको विषय बनेको छ, यसको प्रत्यक्ष मारमा परेको नेपालले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा हिमाल संरक्षणको विषयलाई प्रमुखताका साथ आवाज उठाउँदै आएको छ',राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उनका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।
यसै सन्दर्भमा नेपालले सगरमाथा संवादको थालनी गर्न लागेको राष्ट्रपति पौडेलले जानकारी दिए । उक्त मञ्चको पहिलो संस्करण आगामी १६ देखि १८ मेसम्म काठमाडौँमा 'जलवायु परिवर्तन, हिमाल र मानवको भविष्य' विषयमा आयोजना हुन गइरहेको उनको भनाइ थियो ।
राष्ट्रपति पौडेलले बेलायतका राजपरिवारका सदस्यहरूबाट विभिन्न समयमा हुँदैआएका नेपाल भ्रमणले दुई देशबीच रही आएको सुमधुर सम्बन्धलाई अझ मजबुत पार्न योगदान दिएको बताए ।साथै उनले महारानी एलिजाबेथ द्वितीय र राजकुमार फिलिपबाट सन् १९६० र १९८६ मा नेपालको राजकीय भ्रमण भएको स्मरण गरे ।
'नेपाल र बेलायतबीच सदियौँदेखि घनिष्ट सम्बन्ध रही आएको छ, महत्वपूर्ण विकास साझेदारसमेत रहेको बेलायतले नेपालको चौतर्फी विकासमा सहयोग पु¥याउँदै आएकोमा धन्यवाद व्यक्त गर्दछु', राष्ट्रपति पौडेलले भने । उनले नेपाली नागरिक र आफ्नातर्फबाट राजा चार्ल्सको व्यक्तिगत सुख एवं सुस्वास्थ्यको कामना व्यक्त गरे ।
नेपाल भ्रमणका लागि बेलायतका अधिराजकुमार एडवार्ड धर्मपत्नी सोफीसहित आजै काठमाडौँ आएका हुन् । भेटमा बेलायतका अधिराजकुमारका धर्मपत्नी सोफी, नेपालका लागि बेलायती राजदूत रब फेन सहभागी थिए । त्यस अवसरमा अधिराजकुमार एडवार्डले नेपालमा जलवायु परिवर्तनले पारेको असर र त्यसको न्यूनीकरणमा नेपालले गरेका प्रयासबारे भ्रमणका क्रममा जानकारी हुने विश्वास व्यक्त गरे । उनले भ्रमणका क्रममा हिमालमा जलवायु परिवर्तनले पारेका असरबारे बुझ्न पाउने अपेक्षा व्यक्त गरे ।
बेलायतको राजपरिवारका सदस्यबाट नेपाल आउने प्रयास भइरहेको र नेपाल आउँदा आफूलाई अत्यन्त खुसी लागेको बताउँदै अधिराजकुमारले नेपाल बेलायतबीच भविष्यमा सहयोगको आदानप्रदान गर्दा युवा र महिला सशक्तीकरणको विषय थप सान्दर्भिक हुने धारणा व्यक्त गरे । उनले ब्रिटिस सेनामा नेपालले भर्तीको लागि दिएको स्वीकृतिका लागि आभार प्रकट गर्दै नेपाल बेलायतबीचको सुमधुर सम्बन्धमा ब्रिटिस गोर्खा सैनिकको सम्बन्ध कोसेढुङ्गा रहेको उल्लेख गरे ।

'ब्रिटिस–गोर्खा' द्विपक्षीय सम्बन्धको महत्वपूर्ण कडी

सोही अवसरमा राष्ट्रपति पौडेलसमक्ष बेलायती सेनाको 'गोर्खा–ब्रिगेडका' प्रमुख मेजर–जनरल जेराल्ड स्ट्रिकल्याण्डले 'ब्रिगेड अफ गोर्खा' को सन् २०२४ को वार्षिक प्रतिवेदन पेस गरे ।
राष्ट्रपति पौडेलले सो प्रतिवेदन प्रस्तुत गरेकामा बेलायत सरकारप्रति आभार प्रकट गर्दै 'ब्रिटिस–गोर्खा' द्विपक्षीय सम्बन्धको महत्वपूर्ण कडी भएको बताए । 'ब्रिटिस–गोर्खा हाम्रो द्विपक्षीय सम्बन्धको महत्वपूर्ण कडी हो, जनस्तरको सम्बन्धलाई थप सुदृढ गर्न पनि यसले महत्वपूर्ण योगदान पु¥याएको छ', राष्ट्रपति पौडेलले भनेका थिए ।
उनले पूर्वब्रिटिस गोर्खाका केही जायज गुनासा सम्बोधन गर्न गठन भएको 'द्विपक्षीय संयन्त्र' मा सकारात्मक छलफल भइरहेको विश्वास व्यक्त गरे ।
रासस

म्याग्दीको पूर्वाधार र पर्यटन विकासमा मेरो ध्यान गएको छः दाहाल



म्याग्दी ।
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले म्याग्दीको समग्र विकासमा प्राथमिकता दिने बताएका छन् ।
बेनी नगरपालिका–४ सिङ्गा र तातोपानीमा मंगलबार आयोजित कार्यक्रममा उनले भौतिक पूर्वाधार र पर्यटन विकासले म्याग्दीको उन्नति हुने बताए । 'छ वर्षअघि पनि म यहाँको तातोपानी कुण्डमा परिवारसहित आएको थिएँ,' उनले भने, 'त्यसबेला यहाँहरूले उठाउनुभएको बेनी–दरवाङ– ढोरपाटन सडक, तातोपानी कुण्डको संरक्षण, प्रवद्र्धन र नदी नियन्त्रणसम्बन्धी केही योजनामा बजेट व्यवस्थापन गरेर थालेका कामलाई निरन्तरता दिएका छौँ ।'
पूर्वप्रधानमन्त्री दाहालले दोस्रो कार्यकालमा प्रधानमन्त्री हुँदा बेनी–दरवाङ,
बेनी–जोमसोम–कोरला, बेनी बजार संरक्षण योजना सुरु गराएको स्मरण गर्दै पछिल्लो कार्यकालमा तातोपानीको बस्ती संरक्षणका लागि विनियोजन गरेको दुई करोड बजेटबाट १० करोडको बहुवर्षीय योजना कार्यान्वयन सुरु भएकामा खुसी व्यक्त गरे ।
उनले बेनी–दरवाङ सडकको प्रमुख समस्या बनेको फापरखेतको पहिरोको विकल्पमा म्याग्दी नदीमा बेलिब्रिज जडानका लागि पहल गर्ने प्रतिबद्धता जनाए ।
सो अवसरमा गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली, हरिबहादुर भण्डारी, बेनी नगरपालिका–४ का वडाध्यक्ष अणबहादुर खड्का (भगवान), सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्काले सिङ्गा र तातोपानीको विकास निर्माणलगायत विषयमा जानकारी गराएका थिए ।
साथै अध्यक्ष दाहालले बेनी नगरपालिका–४ ठूलोखोला, सिङ्गा, बेनीमा सहिद परिवारसँग भेटघाट र साक्षात्कार गरेका छन् । सो क्रममा अध्यक्ष दाहालले सहिद परिवारको अवस्थाका बारेमा जानकारी लिनुका साथै सहिदहरूको योगदानको सधैँ उच्च मूल्याङ्कन हुने बताए ।रासस

लुम्बिनीमा दुई लाख ९० हजार किशोरीलाई एचपिभी' खोप लगाइने



लुम्बिनी ।
लुम्बिनी प्रदेशमा पाठेघरको मुखको क्यान्सरविरुद्ध 'एचपिभी' को खोप करिब दुई लाख ९० हजार किशोरीलाई लगाइने भएको छ ।
सरकारको १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई 'एचपिभी' को खोप लगाउने देशव्यापी अभियानअन्तर्गत मंगलबारदेखि लुम्बिनी प्रदेशमा खोप कार्यक्रम शुरु भएको छ ।
लुम्बिनी प्रदेशका दुई लाख ९० हजार १२४ किशोरीलाई खोप लगाउने लक्ष्य राखिएको प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले जनाएको छ । यसका लागि आवश्यक पर्ने खोप सम्बन्धित सबै खोप केन्द्रहरूमा पठाइएको मन्त्रालयले स्पष्ट गरेको छ ।
प्रदेशका १२ जिल्लामध्ये सबैभन्दा धेरै रुपन्देहीका ६१ हजार २३१ किशोरीलाई 'एचपिभी' खोप लगाइने भएको छ । यसैगरी, दाङमा ४२ हजार ६७ र कपिलवस्तुमा ३९ हजार ५२५ जना किशोरीलाई खोप लगाउने लक्ष्य राखिएको मन्त्रालयले जनाएको छ ।
मन्त्रालयले रुकुम पूर्वमा सबैभन्दा कम तीन हजार ५९१ र अर्घाखाँचीमा नौ हजार ३३४ किशोरीलाई खोप लगाउने लक्ष्य लिएको छ । पाल्पामा १२ हजार ५६६, गुल्मीमा १३ हजार ४६, नवलपरासी पश्चिममा १८ हजार ७९३, रोल्पामा १५ हजार ४७८, प्युठानमा १६ हजार ३३५, बर्दियामा २४ हजार ६५ र बाँकेमा ३४ हजार ९३ जनाले 'एचपिभी' खोप लगाउने भएको छ ।
पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप अभियानको आज लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले दाङको राप्ती गाउँपालिकास्थित आदर्श नमूना माध्यमिक विद्यालय लालमटियामा शुभारम्भ गरे ।
मुख्यमन्त्री आचार्यसहित प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारुले उक्त विद्यालयमा आयोजित एक कार्यक्रमबीच स्वास्थ्यकर्मीलाई खोप बाकस हस्तान्तरण गरी सो अभियान सुरु गरेका हुन् । अभियानअन्तर्गत कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने किशोरीसहित १० देखि १४ वर्ष उमेर समूहका सबै किशोरीलाई लक्षित गरिने भएको छ ।
कार्यक्रममा मुख्यमन्त्री आचार्यले विद्यालयबाहिर रहेका किशोरीलाई समेत समेटेर अभियान सञ्चालन गर्ने नीति भएअनुसार लक्षित उमेर समूहका सबैलाई समेटेर खोप कार्यक्रम सफल बनाउन सम्बद्ध पक्षको ध्यानाकर्षण गरे । 'विद्यालयमा रहेका किशोरीले खोप पाउने कुरा सुनिश्चित छ', मुख्यमन्त्री आचार्यले भने, 'विद्यालयबाहिर रहेका किशोरीहरूलाई समेत खोजेर अभियानमा समेट्न जरुरी छ ।
विद्यालयमा नजोडिएका १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरू नछुटुन् भन्नेतर्फ हामी सबैको विशेष ध्यान जान आवश्यक छ ।'
प्रदेश स्वास्थ्यमन्त्री सारुले क्यान्सर, मिर्गौला र मुटुको उपचारमा सहयोग गर्न गत वर्ष १३ करोड रुपैयाँ विनियोजन गरेको र क्यान्सर रोग उपचारका लागि मात्र नौ करोड रुपैयाँ खर्च भएको जानकारी दिँदै 'खोप अभियान' सफल बनाउन सबैसँग अनुरोध गरे ।
'नसर्ने रोगका कारण बर्सेनि ठूलो धनजनको क्षति भइरहेको छ, राज्यले आफ्नो तर्फबाट सक्दो सहयोग पनि गरिरहेकै छ', उनले भने,'अब सचेत र सजग भई रोग नलाग्ने गरी हामी सबैले स्वास्थ्य जीवनशैली अपनाउन जरुरी छ ।'
लुम्बिनी प्रदेशमा वार्षिक करिब दुई हजार व्यक्ति क्यान्सर रोग उपचारका लागि सहयोग लिन स्वास्थ्य निर्देशनालयको सम्पर्कमा आउने गरेको उनले जानकारी दिए ।स्वास्थ्य सचिव डा.वासुदेव उपाध्यायले दुई चरणमा खोप लगाइने जानकारी दिँदै लक्षित उमेर समूहका किशोरीहरूलाई अनिवार्य खोप लगाउने अभियान सफल बनाउन सम्बद्ध सबैसँग अनुरोध गरे । राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले पालिकामा प्रभावकारी ढङ्गले खोप अभियान सञ्चालन गर्न स्वास्थ्यकर्मी टोलीलाई निर्देशन दिए ।
यसैबीच, बुटवल उपमहानगरपालिकाले करिब १० हजार किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप लगाउने लक्ष्य लिएको स्वास्थ्य शाखाप्रमुख युवराज पाण्डेले जानकारी दिएका छन् ।
उपमहानगर अन्तर्गका ७० वटा विद्यालय र १२ वटा स्वास्थ्य संस्थामा गई खोप लगाउन सक्ने व्यवस्था मिलाइएको प्रमुख पाण्डेले जानकारी दिए । उपमहानगरकी खोप 'फोकल पर्सन' कल्पना भुसालका अनुसार बुटवलको आम्दा अस्पताल पनि खोप लगाउन सकिनेछ । बुटवल उपमहानगरले तयार पारेको तथ्याङ्कअनुसार खोप लगाउनुपर्ने किशोरीहरूको सङ्ख्या विद्यालयतर्फका नौ हजार ८१४ र विद्यालय बाहिरका १४७ जना रहेको छ ।
बुटवलमा खोप अभियानअन्तर्गत स्वास्थ्य स्वयंसेविका, विद्यालय शिक्षिका तथा नर्स र अन्य स्वास्थ्यकर्मीसमेत गरी करिब ३०० जनालाई प्रशिक्षित गरी परिचालन गरिने उपमहानगरपालिकाले जनाएको छ ।
प्रत्येक खोप केन्द्रमा एक स्वास्थ्यकर्मी, दुईजना स्वास्थ्य स्वयंसेविका, नर्स वा तालिमप्राप्त शिक्षिकाहरूलाई परिचालन गरिने छ । विद्यार्थीको सङ्ख्या बढी भएका विद्यालयको हकमा संख्या थप गरी खोप अभियानलाई सफल बनाइने 'फोकल पर्सन' भुसालले जानकारी दिइन् ।
पाठेघरको मुखको क्यान्सरसम्बन्धी समस्याबाट अत्यधिक नेपाली महिला पीडित हुने गरेको र धनजनको उल्लेख्य क्षति हुने गरेको तथ्याङ्कलाई दृष्टिगत गरी सरकारले देशव्यापी रूपमा खोप अभियान सञ्चालन गरेको स्वास्थ्य मन्त्रालयले स्पष्ट गरेको छ ।रासस

एकताबद्ध भएर पार्टीलाई सुदृढ बनाउनुपर्ने



गण्डकी ।
नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीका सबै तहका नेता तथा कार्यकर्तालाई एकताबद्ध भएर सङ्गठनलाई सुदृढ बनाउनुपर्नेमा जोड दिएका छन् ।
नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा पोखरामा आयोजित प्रशिक्षण शाखा प्रमुखको लागि सङ्गठन र समसामयिक सन्दर्भमा अभिमुखीकरण कार्यक्रमको मंगलबार उद्घाटन गर्दै उनले एकापसमा मनमुटाव नगरी एकताबद्ध भएर पार्टीलाई एकढिक्का बनाउनुपर्नेमा जोड दिए ।पार्टी एकताबद्ध भएमा बहुमत हासिल गर्न सहज हुने बताउँदै उनले राजनीतिक अस्थिरतालाई दृष्टिगत गर्दै नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच सहकार्य भएको स्पष्ट गरे । नेकपा एमाले मुख्य प्रतिस्पर्धी भए पनि अविश्वास गर्नुपर्ने अवस्था नरहेको सभापति देउवाको कथन थियो ।
आफू र प्रधानमन्त्री केपी शर्मा ओलीसँगै जेलमा बसेको साथी भएको उल्लेख गर्दै उनले भने,'वास्तवमा भन्ने हो भने ओलीजी र मसँगै जेलमा बसेको साथी हौँ । धेरै कष्ट थियो, छुट्ने सम्भावना हुँदैनथ्यो । झापा काण्ड देखाएर जेलभित्रको पनि जेलमा राखियो । हामी मुख्य प्रतिस्पर्धी हौँ । तर पनि केपी ओलीबाट अविश्वास गर्नुपर्ने अवस्था छैन ।'
मुलुकको विकासका प्रचुर रहेका भन्दै उनले यसको समग्र उन्नयनका लागि कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताए ।
नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख एवं पार्टीका उपसभापति पूर्णबहादुर खड्काले पार्टीको केन्द्रदेखि तल्लो तहसम्म प्रशिक्षणका कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाउने बताए ।
उनले नेता तथा कार्यकर्तामा निराशा नभई आशाको सञ्चार गर्दै एउटा सशक्त पार्टीका रुपमा स्थापित गर्नुपर्ने आवश्यकता औँल्याए ।
नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले पार्टीलाई उद्यमशीलतासँग जोड्नुपर्ने बताए। बिपी चिन्तनलाई समयसापेक्ष बुझ्न र यसको व्यावहारिक प्रयोग आवश्यक रहेको उनको भनाइ थियो ।बुधबार समापन हुने कार्यक्रममा पार्टीका केन्द्रीय नेताहरूले प्रशिक्षण दिने छन्छ । प्रशिक्षणमा पार्टीका जिल्ला सभापति, उपसभापति, प्रदेश सभापतिसहित करिब दुई सय जना सहभागी छन् ।रासस

'नेपाललाई स्वस्थ बनाउन एचपिभी खोप अभियान'



काठमाडौँ ।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले पाठेघरको क्यान्सरविरुद्धको 'एचपिभी' खोप अभियान नेपाललाई भविष्यमा स्वस्थ बनाउन शुरु गरिएको बताएका छन् ।
उनले यो खोपबाट कोही पनि किशोरी वञ्चित हुन नदिन सबैले आ–आफ्नो ठाउँबाट प्रचारप्रसार र सहयोग गर्न आग्रह गरे । मंगलबार एचपिभी खोप अभियान २०८१ को शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पौडेलले भने,'देशैभर खोप र जनशक्ति पुगेकाले लक्षित वर्ग खोपबाट नछुटून् भन्ने उद्देश्य सरकारको छ, निरोगी नेपाल बनाउन यसले सहयोग पुऱ्याउनेछ, भविष्यमा नेपाललाई स्वस्थ बनाउन अभियानले काम गर्नेछ ।'
स्वास्थ्य मन्त्रालयका सचिव डा.रोशन पोखरेलले पाठेघरको मुखको क्यान्सरको समस्या सधैँका लागि समाधान गर्ने उद्देश्यले खोप अभियान सुरु गरिएको बताए । उनले भने,'हरेक वर्ष हामीले नियमित खोप तालिकामार्फत यो खोप किशोरीहरुलाई दिनेछौँ, प्रत्येक बालबालिकाको सुरक्षित भविष्य बनाउने सुनिश्चितता गर्न चाहन्छौँ ।'
कार्यक्रममा स्वास्थ्य विभागका महानिर्देशक डा विकास देवकोटाले १४५ देशमा प्रयोग भइरहेको यो खोप नेपालले पनि समावेश गर्न पाउँदा गर्व लागेको बताए । उनले भने, 'देशमा नसर्ने रोगको भार बढिरहेको छ, जसमा क्यान्सरको भार झन् बढ्दो छ, हरेक दिन छ जनामा पाठेघरको मुखको क्यान्सर देखिने र चार जनाको मृत्यु हुने गरेको छ, त्यसैले किशोरावस्थामा नै एचपिभी खोप अभियान सुरु गरेका हौँ, यो विद्यालय केन्द्रित खोप अभियान हो, छुटेका र विद्यालय बाहिरका छात्रालाई खोप दिइनेछ ।'
मन्त्रालयले मंगलबारदेखि देशभर पाठेघरको मुखको क्यान्सरविरुद्धको निःशुल्क एचपिभी खोप अभियान आगामी फागुन ६ गतेसम्म देशभर सञ्चालन गरेको छ । कुल १६ लाख ८८ हजार सात सय ६८ किशोरीलाई खोप दिइने लक्ष्य सरकारको छ । विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीलाई खोप दिन लागिएको हो ।रासस

लगानीको वातावरण नबिगार्न निजी क्षेत्रका तीन संस्थाको अनुरोध

काठमाडौं ।
नेपालका निजी क्षेत्रका तीनवटा संस्थाले पाथिभरा (मक्कुम्लुङ) क्षेत्रको पर्यटन विकास तथा प्रवद्र्धन गर्न केबलकार निर्माणको परियोजना अघि बढिरहेको सन्दर्भमा भइरहेका विरोधप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै बन्द हडतालका कार्यक्रम तत्काल रोक्न आग्रह गरेका छन् ।
नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले संयुक्त विज्ञप्ति जारी गर्दै परियोजनाको विषयलाई लिएर कोशी प्रदेशका जिल्लाहरूमा भइरहेको बन्द हडतालले त्यहाँको शैक्षिक, आर्थिक तथा सामाजिक जनजीवन समेत अस्तव्यस्त भएको सर्वसाधारणले सास्ती भोगनु परेको र यस्ता गतिविधिले देशको पूर्वाधार विकासका लागि लगानीमैत्री वातावरण बिथोलिने अवस्था सिर्जना हुने बताएका छन् ।
'नेपालको समग्र आर्थिक विकासमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको सर्वविदितै छ । उद्योग, व्यापार, बैंकिङ, ऊर्जा, कृषि, पर्यटन, सञ्चारलगायत अन्य विभिन्न पूर्वाधार विकास तथा सेवा क्षेत्रमा निजी क्षेत्रको गरेको लगानीले देशको समृद्धिमा उल्लेखनीय योगदान पु¥याएको छ । तर विकासका कार्य रोक्न भइरहेका पछिल्ला गतिविधिले नेपालमा लगानी गर्ने स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई नकारात्मक सन्देश प्रवाह गर्ने हुनाले सम्बन्धित सरोकारवालाहहरूलाई यस विषयमा गम्भीर बन्न, विकास निर्माणको कार्यलाई सहज र निर्वाध रुपमा सञ्चालन गर्ने वानतावरण सिर्जना गर्न आग्रह गर्दछौं' विज्ञप्तिमा भनिएको छ ।
पर्यटनमा निजी क्षेत्रले अर्बौं रुपैयाँ लगानी गरिसकेको, हजारौं नेपालीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गरिरहेको अवस्थामा पाथिभरा (मक्कुम्लुङ) मा बन्ने पर्यटकीय पूर्वाधारले त्यहाँ जान चाहने बद्धबृद्धा, अशक्त बालबालिकासहित अन्य यात्रुहरूलाई सुरक्षित, छिटो र सुविधाजनक यात्रा उपलब्ध गराउनुका साथै पूर्वाधार निर्माणले त्यहाँको धार्मिक सांस्कृतिक तथा साहसिक पर्यटन प्रवद्र्धन, कृषि, हस्तकलाको विकास मार्फत व्यवसायको प्रवद्र्धनका साथै स्थानीयका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारीका अवसर सिर्जना हुने र देशकै पर्यटन विकासमा सकारात्मक प्रभाव पार्ने विज्ञप्तिमा उल्लेख गरिएको छ ।
यस्तै, केबलकार निर्माणका लागि स्थानीय तह र स्थानीय बासिन्दाहरू सहमत रहेको बन्नु पर्छ भन्ने धारणा राखिरहेको सन्दर्भमा केबलकार बन्न दिनु हँदैन भनेर बाह्य हस्तक्षेप सहित केबलकार निर्माण कार्यमा अवरोध हुनुलाई दुःखद मात्र नभइ विकासको प्रवाहलाई रोक्ने प्रयासका रुपमा निजी क्षेत्रले लिएकोसमेत विज्ञप्तिमा उल्लेख छ ।
उनीहरूले विकासमा देखिएको यो अवरोध कुनै एउटा परियोजनाको विरोध मात्रै नभएर देशको पूर्वाधार विकासका लागि लगानीमैत्री वातावरण विथोलिने अवस्था सिर्जना हुनुको साथै नेपालमा लगानी गर्ने लगानीकर्ताहरूलाई यसले नकारात्मक सन्देश प्रवाह गर्ने बताएका छन् ।
यस्तै उनीहरूले समस्याको समाधान वार्ताबाट गर्न सकिने जनाउँदै विकासको यो प्रयासलाई सकारात्मक रूपमा ग्रहण गर्न र पाथिभरा (मक्कुम्लुङ) केबलकार परियोजनालाई सहज र निर्वाध रूपमा अघि बढाउन स्थानीय समुदाय, सम्बन्धित निकाय तथा सरोकारवालाहरूलाई निजी क्षेत्र हार्दिक अपिल गरेका छन् ।
यसैबीच,नेपाल उद्योग वाणिज्य महासंघका कोशी र गण्डकी र कर्णाली प्रदेशका सभापतिरूले पनि आज छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै यस विषयमा महासंघ प्रदेश समितिको ध्यानाकर्षण भएको जनाएका छन् ।
उनीहरूले कोभिड महामारी लगायतका कारण संकटमा परेको अर्थतन्त्रको विकास गरी पुरानै अवस्थामा ल्याउनका लागि नेपाल सरकार र निजी क्षेत्र लागि परिरहेको अवस्थामा विकासका लागि भइरहेका प्रयासमा अवरोध हट्नु पर्ने धारणा राखेका छन् ।
राज्यको नियम कानुन तथा प्रणालीले स्वीकृति तथा अनुमति प्रदान गरेर तथा स्थानीय नागरिकको भावना र चाहना बमोजिम नै निर्माणको काम सुरु गर्दैगर्दा उत्पन्न भएको बाह्य परिस्थितिले यो आयोजनालाई जे जसरी अवरोध उत्पन्न गर्न खोजिएको छ यसबाट नेपालको आर्थिक विकासका लागि अत्यावश्यक स्वदेशी एवं विदेशी लगानीका क्षेत्रमा पक्कै पनि सकारात्मक सन्देश दिएको छैन।
उनीहरूद्धारा जारी विज्ञप्तिमा भनिएको छ ।
यस्तै, विज्ञप्तिमा देशका कैयौं स्थानमा पर्यटन पूर्वाधारहरूको निर्माण गरी दशौं हजार व्यक्तिलाई रोजगारी प्रदान गरिरहेको तथा राजस्वका माध्यमबाट मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुर्याइरहेको देशको व्यावसायिक ग्रुपको अगुवाइमा निर्माण हुन लागेको केबलकार आयोजनाका विरुद्धमा जेजस्ता क्रियाकलापहरू हाल देखिएका छन् त्यसले पक्कै पनि देशमा लगानीको वातावरण बनाउने नभएर भत्काउने काम गरिरहेको छ भन्ने हाम्रो बुझाइ रहेको उल्लेख छ । रासस

नेप्से परिसूचक १४.०८ अंकले घट्यो



काठमाडौं ।
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १४.०८ अङ्कले घटेर दुई हजार ७१५ दशमलव ९१ मा झरेको छ ।
मंगलबारको कारोबारमा विभिन्न ३१५ कम्पनीका एक करोड ६९ लाख १७ हजार ८३५ कित्ता शेयर ९० हजार २०२ पटक खरिदबिक्री हुँदा आठ अर्ब ९१ करोड ९६ लाख ९७ हजार ७७५ मा कारोबार भएका छन् ।
मंगलबार जलविद्युत् र अन्य उपसमूहबाहेक अन्य उपसमूह घटेको छ ।
आज जोशी हाइड्रोपावर डेभलपमेन्ट बैंकको नौ दशमलव ९८ प्रतिशत, मध्यभोटेकोशी जलविद्युत् कम्पनी लिमिटेडको आठ दशमलव २५ प्रतिशत, न्यादी हाइड्रोपावर लिमिटेडको आठ दशमलव १९ प्रतिशत, उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको आठ दशमलव १२ प्रतिशत र कालिका पावर कम्पनीको शेयर मूल्य आठ दशमलव ०५ प्रतिशतले बढेको छ ।
साथै मंगलबार कर्पोरेट डेभलपमेन्ट बैंक, ग्रीन डेभलपमेन्ट बैंक र सिन्धु विकास बैंकको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।
मंगलबारको कारोबारपछि बजार पुँजीकरण ४५ खर्ब छ अर्ब १० करोड ९२ लाख सात हजार ९६१ पुगेको छ । रासस

नेपालमा पहिलो पटक मौरी घारमा देखियो 'ट्रोपिलाप्सिस माइट'

चितवन ।
मौरीको घारमा लाग्ने 'ट्रोपिलाप्सिस माइट' नामको सुलसुले नेपालमा पहिलो पटक देखा परेको छ । भारतलगायत एशियाका देशमा मौरीको घारमा ठूलो समस्याका रूपमा देखा परेको 'ट्रोपिलाप्सिस माइट' नामको एक प्रकारको सुलसुले नेपालमा पहिलो पटक देखा परेको हो ।
कृषि तथा वन विज्ञान विश्वविद्यालयले आयोजना गरेको तीन दिने अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन आएका विदेशी वैज्ञानिकहरूले चितवनको मौरी घारको निरीक्षणका क्रममा सुलसुले फेला पारेका हुन् ।
विश्वविद्यालयको कृषि सङ्कायले आयोजना गरेको 'कृषि



रूपान्तरण' विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी कोरिया र ताइवानका वैज्ञानिकको टोलीसँगै पूर्वी चितवनमा रहेको व्यावसायिक मौरी घारमा निरीक्षणका क्रममा माइट देखिएको हो ।
सम्पूर्ण प्रमाण समावेश गरी नेपाल सरकारलाई पेश गरेपछि आधिकारिक रूपमा सरकारले माइट भएको प्रमाणित गर्नुपर्ने हुन्छ । अहिलेसम्म नेपाल सरकारले यो रोग नदेखिएको जनाउँदै आएको छ । खाग र भीरमौरीमा देखिएको भए पनि व्यावसायिक रूपमा पालिएका मेलिफेरामा रोग देखिएको थिएन ।
मौरी तथा परागसेचनविज्ञ डाक्टर केदार देवकोटाका अनुसार विदेशी वैज्ञानिकहरूले निरीक्षणका क्रममा देखिएका माइट ट्रोपिलाप्सिस भएको पुष्टि गरेका हुन् । अनुसन्धानकै क्रममा भेरवा माइटसमेत देखिएको र यो जुन, जुलाई तथा अगस्ट महिनामा थप बढ्ने भएकाले सतर्क रहन किसान र नेपाली विज्ञलाई समेत उनीहरूले सुझाव दिएका देवकोटाले जानकारी दिए । वैज्ञानिकहरूसँगै रहनुभएका नेपाल मौरीपालक सङ्घका निवर्तमान अध्यक्ष शिव शर्माले माइट देखिएकाले अब किसानले सतर्क भएर काम गर्नुपर्ने बताए । माइट फैलन नदिन सावधानी अपनाएर काम गर्नुपर्ने उनले बताए । यसले मौरीलाई ठूलो असर पु¥याउने र समयमा नै नियन्त्रणका लागि काम थाल्नुपर्ने उनको भनाइ छ । रासस

घरेलु मदिरालाई औद्योगिकीकरण गर्न प्रवर्द्धनको काम थालियो

केदार मगर
खोटाङ ।
खोटाङको हलेसी तुवाचुङ नगरपालिकाले स्थानीय रक्सी (घरेलु मदिरा)लाई औद्योगिकीकरण गर्ने गरी प्रवद्र्धनको काम शुरु गरेको छ ।
स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै आयातित पेय पदार्थको प्रयोगमा कमी ल्याउने लक्ष्यका साथ वैधानिक रूपमा घरेलु मदिरा उत्पादन गर्न नगरपालिकाले कार्यविधि बनाएर प्रवद्र्धनको काम शुरु गरेको हो ।
परापूर्व कालदेखि उत्पादन तथा प्रयोग हुँदै आएको स्थानीय मदिरालाई व्यावसायिकीरण गर्दै नगरवासी महिलाको आयआर्जनमा वृद्धि गराउने उद्देश्यले 'लोकल रक्सी औद्योगिकीकरण कार्यक्रम' अघि सारिएको नगरप्रमुख विमला राईले जानकारी दिइन् ।
'घरेलु मदिरा उत्पादनका लागि नगरभित्रका सहकारी, होमस्टे सञ्चालन गरिरहेका समूह, दर्ता भएका आमा समूह, महिला समूह वा अन्य समूहलाई मात्रै अनुमति प्रदान गरिएको छ, स्थानीय कच्चा पदार्थ कोदो प्रयोग गरेर उत्पादन गरिने घरेलु मदिरा स्वास्थ्यका लागिसमेत कम हानिकारक छ', उनले भने,'गुणस्तरयुक्त रक्सी उत्पादन, ब्रान्डिङ तथा बिक्री–वितरणका लागि नगरपालिकाले घरेलु मदिरा उत्पादन तथा उपयोग कार्यविधि बनाएर कार्यान्वयनमा ल्याएको हो, घरेलु मदिरा प्रवद्र्धन कार्यक्रमले नगरवासी महिलाको आयआर्जनमा वृद्धि गर्ने अपेक्षा गरिएको छ ।'
मदिरा उत्पादनलाई औद्योगिकीकरण गर्दै उत्पादित मदिरा उपयोगसम्बन्धी निर्माण गरिएको कार्यविधि नगर सभाबाट पारित गरेर पहिलो चरणका लागि नगरपालिकाले १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । घरेलु मदिराको कच्चापदार्थ, भाँडा खरिद, 'बोटलिङ' तथा 'सप्लाइ'मा ८० प्रतिशतसम्म नगद अनुदान दिने गरी पहिलो चरणमा १० लाख रुपैयाँ बजेट विनियोजन गरिएको नगरपालिकाले जनाएको छ ।
जिल्लाका दश स्थानीय तहमध्ये हलेसी तुवाचुङ मदिरालाई व्यवस्थित रूपमा उत्पादन तथा बिक्री–वितरणको काम सुरु गर्ने पहिलो स्थानीय सरकार बनेको छ । त्रिधार्मिकस्थल हलेसी आसपासमा सञ्चालन भइरहेका घरबास 'होमस्टे'मा खपत गर्ने उद्देश्यसहित नगरपालिकाले घरेलु मदिरा उत्पादन गर्ने र बिक्री–वितरण गर्ने गरी प्रवद्र्धन कार्यक्रम ल्याएको हो ।
नगरपालिकाले बनाएको कार्यविधिमा उत्पादकहरूले होमस्टेमा मात्रै आफूले उत्पादन गरेका मदिरा बेच्न पाउनेछन् । उत्पादित मदिरा होमस्टेबाट मात्रै बिक्री–वितरणको व्यवस्था हुने नगरपालिकाले जनाएको छ । होमस्टेबाट किनेर कोसेली वा बिहे, पास्नीजस्ता सांस्कृतिक कार्यमा प्रयोग गर्न सकिने कार्यविधिमा उल्लेख छ । कार्यविधिमा उल्लेख भएअनुसार एक व्यक्तिलाई मात्र मदिरा उत्पादन गर्ने इजाजत दिइने छैन ।
जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने उक्त नगरपालिकाका जनजाति महिलाले परापूर्व कालदेखि घरेलु मदिरा उत्पादन गरेर घर खर्च जुटाउने गरेका छन् । नगरको घरेलु मदिरा उत्पादन तथा उपयोगसम्बन्धी कार्यक्रमले घरेलु मदिरा उत्पादन गर्दै जीविका चलाइरहेका महिला बढी लाभान्वित हुने देखिएको नगर प्रवक्ता एवम् वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिए ।
घरेलु मदिरा उत्पादन तथा बिक्री–वितरणमा कानुनी झन्झट खेप्दै आएका जनजाति महिला नगरपालिकाले कार्यविधि नै पारित गरेर औद्योगिकीकरणको काम थालेपछि हर्षित भएका छन् । जिल्लाका अन्य स्थानीय तहका जनजाति महिलाले घरेलु मदिरा उत्पादन तथा बिक्री–वितरण गरिरहेका छन् । उनीहरूका लागि अहिलेसम्म अन्य स्थानीय तहले कार्यविधि निर्माण तथा प्रवद्र्धनको काम थालेका छैनन् ।
माझ किरात भनेर चिनिने



खोटाङमा सांस्कृतिक कार्य (कुलपितृ, विवाह, मृत्यु, छेवर, पास्नी गुन्यूचोली आदि)मा समेत कोदोको रक्सी प्रयोग गर्ने गरिएको छ । स्थानीय कच्चापदार्थ कोदोबाट उत्पादन गरिने मदिरालाई प्रवद्र्धन गर्न सकेमा जिल्लाको आर्थिक आयस्तर वृद्धिमा समेत सघाउ पुग्ने आकलन गरिएको छ ।
दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा वार्षिक ६१ करोड रुपैयाँ भन्दा बढीको आयातित मदिरा खपत हुँदै आएको उद्योग वाणिज्य संघका अध्यक्ष राजन आचार्यले जानकारी दिए । आयातित मदिरासँगै अन्य पेय पदार्थसमेत सोही अनुपातमा खपत हुँदै आएको छ ।पछिल्लो समय आयातित पेय पदार्थ प्रयोगमा न्यूनीकरण गर्न जिल्लाका विभिन्न ठाउँमा बसोबास गर्ने स्थानीयले स्वतःस्फूर्तरुपमा प्रतिबन्ध लगाउने कार्य सुरु गरेका छन् । जिल्लाका कतिपय ठाउँका स्थानीयले आयातित पेय पदार्थ सेवन गरेको पाएमा जरिवाना गर्ने निर्णय गरेका छन् । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका–१० पाथेकामा आयातित पेय पदार्थ प्रतिबन्ध लगाउने निर्णय पहिलो पटक उल्लंघन गर्नेलाई पाँच हजार रुपैयाँ, दोस्रो पटक गर्नेलाई सात हजार रुपैयाँ र तेस्रो पटक पनि उल्लंघन गर्नेलाई १० हजार रुपैयाँसम्म जरिवाना गर्ने गरिएको छ । आयातित पेय पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल असर पर्नाका साथै फजुल खर्च भएको भन्दै स्थानीयले प्रतिबन्ध लगाउन थालेका हुन् । रासस

आम्दानी सङ्कुचन हुँदा टेलिकम सेवाप्रदायकको पुँजीगत लगानी घट्दो



काठमाडौँ ।

टेलिकम सेवाप्रदायक कम्पनीको आम्दानीमा निरन्तरको सङ्कुचनको असर उनीहरुको पुँजीगत खर्चमा देखिएको छ । घट्दो आयसँगै पूर्वाधार निर्माणमा बजेट विनियोजन कम हुँदाको असर सेवा विस्तार तथा स्तरोन्नति तथा गुणस्तरीय सेवा प्रवाहलगायतमा देखिएको छ । साथै, कम्पनीहरुको भविष्यसमेत सुखद नदेखिएको जानकारहरु बताउँछन् । कुनै समय कुल आम्दानीको झन्डै आधा रकम पूर्वाधार विकासमा खर्च गर्ने टेलिकम कम्पनीहरुले अहिले उक्त खर्चलाई १० प्रतिशतको हाराहारीमा सीमित गरेका छन् । ओभर द टप (ओटिटी) प्लेटफर्मलगायतका कारणले घट्दो आम्दानी, आवश्यक कानुनमा संशोधन नहुनु, चर्को नवीकरण शुल्क र सञ्चालनमा सहजीकरण नहुँदा टेलिकमले पूर्वाधारमा आवश्यक लगानी गर्न हिच्किचाइरहेको टेलिकम क्षेत्रका विज्ञहरुको बुझाइ छ । तथ्याङ्क हेर्दा टेलिकम कम्पनीहरुले सन् २००८ देखि २०१६ सम्मको अवधिमा पुँजीगत खर्चमा जोड दिएको देखिन्छ । यस अवधिलाई पुँजीगत खर्चका हिसाबले 'हाइपर ग्रोथ' भन्न सकिने विज्ञ बताउँछन् । नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भेषराज कँडेल त्यो समय टेलिकम कम्पनीका लागि लगानीको समय थियो । पुँजीगत खर्चको अवस्था सन् २०१७ सम्म पनि राम्रै थियो । त्यसपछि भने आम्दानीसँगै आवश्यक पुँजीगत खर्च पनि घट्न थालेको उहाँको बुझाइ छ ।

हाल सञ्चालनमा रहेको दुईवटा टेलिकम कम्पनीको आर्थिक वर्ष २०७३÷७४ मा ९७ अर्ब ३० करोड रुपैयाँ थियो । आव २०७४/७५ मा आइपुग्दा एक दशमलव ४४ प्रतिशतले बढेर ९८ अर्ब ७१ करोड रुपैयाँ पुगेकामा त्यसयता आम्दानी निरन्तर ओरालो लागेको छ । नेपाल दूरसञ्चार प्राधिकणका अनुसार आव २०७४÷७५ को तुलनामा आव २०७९÷८० मा आइपुग्दा करिब २६ प्रतिशतले ओरालो लागेर ७३ अर्ब १४ करोड रुपैयाँमा सीमित भएको छ ।

निरन्तरको लगानी

टेलिकम व्यवसाय अन्य क्षेत्रहरूको तुलनामा बढी पुँजीगत खर्च हुने क्षेत्रमा पर्छ । गुणस्तरीय सेवा प्रवाह, पूर्वाधार निर्माण, मर्मत तथा स्तरोन्नति, बिटिएस निर्माण, फाइबर अप्टिकल केबल, डाटा सेन्टर, स्पेक्ट्रम शुल्कमा निरन्तर ठूलो खर्च भइरहेको हुन्छ । टेलिकम सेवाका लागि रेडियो स्पेक्ट्रमबापत नेपास सरकारलाई शुल्क तिर्नुपर्ने हुन्छ, जुन निकै महङ्गो पर्छ । फोर जी र फाइभ जीलगायतका सेवा प्रवाहका लागि नयाँ स्पेक्ट्रम आवश्यक पर्छ । यसले पुँजीगत खर्च ह्वात्तै बढाउँछ । प्राधिकरणका पूर्वअध्यक्ष कँडेल टेलिकम क्षेत्रमा पुँजीगत खर्चको माग निरन्तर हुने बताउँछन् । 'टेलिकम क्षेत्रमा हुने प्रविधिको विकास, सेवा विस्तार तथा गुणस्तर सुधारको काम निरन्तर चलिरहने भएकाले यसमा लगानी पनि प्रत्येक वर्ष आवश्यक छ, थ्री जीबाट फोर जी र त्यसबाट फाइभ जी प्रविधि ल्याउँदा कम्पनीहरुले ठूलो लगानी ल्याउनुपर्ने हुन्छ तर आम्दानी नै नभएपछि सोही अनुसारको लगानी भने ल्याउन नसकिरहेको देखिन्छ', उनले भने ।

उनका अनुसार फाइभ जीका सेवाका लागि फोर जीको तुलनामा कम्तीमा तीन गुणा बढी खर्च हुन्छ । 'नेपाल टेलिकमले १९ अर्ब खर्चेर फोर जी सेवा विस्तार गरेको थियो, फाइभ जीको हकमा त्यो झन्डै ६० अर्ब रुपैयाँ पुग्नसक्छ', उनले भने । 'फाइभ जी मात्रै होइन सेवा विस्तार र पूर्वाधार मर्मतसम्भारको खर्च धान्न अहिलेको आम्दानीले टेलिकम कम्पनीलाई समस्या हुन्छ ।'

टेलिकम क्षेत्रमा पूर्वाधारको आयु औसत ५ देखि ७ वर्ष मात्रै हुने भएकाले पुँजीगत खर्च निरन्तर भइरहने उनको भनाइ छ । 'यो यस्तो क्षेत्र हो, जहाँ पुँजीगत खर्च निरन्तर भइरहेको हुन्छ, एकपटक लगानी गरेर ढुक्क हुने अवस्था रहँदैन', पूर्वअध्यक्ष कँडेलले भन्छन्, 'सेवा विस्तार, नयाँ प्रविधिमा लगानी, स्पेट्रम, पूर्वाधार निर्माण तथा मर्मतसम्भारका लागि बर्सेनि ठूलो बजेट विनियोजन गर्नुपर्छ ।' दूरसञ्चारविज्ञ विशाल उपाध्याय टेलिकम क्षेत्रमा पुँजीगत खर्चको माग बढे पनि सो अनुसारको आम्दानी बढ्न नसकेको बताउँछन् । यो क्षेत्रमा अहिले पनि आम्दानीको १५ देखि २० प्रतिशत रकम पुँजीगत क्षेत्रमा गर्नुपर्ने अवस्था छ । जबकि उत्पादनमूलक क्षेत्रमा पाँचदेखि १० प्रतिशत, प्रविधि (हार्डवेयर तथा क्लाउड) मा पाँचदेखि १० प्रतिशत, रिटेल क्षेत्रमा दुईदेखि पाँच प्रतिशत र बैङ्किङ क्षेत्रमा आम्दानीको एकदेखि पाँच प्रतिशत मात्रै पुँजीगत खर्च गरे पुग्छ ।

अर्थतन्त्रमा असर

पुँजीगत खर्च कम हुँदाको प्रभाव मुलुकको कुल ग्ार्हस्थ उत्पादनमा पनि पर्छ । विश्व बैङ्कको एक अध्ययनले पनि इन्टरनेट लगानीमा हुने प्रत्येक १० प्रतिशतको वृद्धिले १.३ प्रतिशतको आर्थिक वृद्धि हुने देखाएको छ । आम जनसमुदायसम्म इन्टरनेट सेवा पुगेपछि यसको प्रभावबाट थप आर्थिक वृद्धि हुने उक्त फ्रेमवर्कमै उल्लेख छ । तर टेलिकम कम्पनीहरुको घट्दो पुँजीगत लगानीका कारण अपेक्षाकृत रुपमा इन्टरनेटको पहुँच विस्तार हुन नसक्ने देखिन्छ । तर लगानी नै घट्दो भएपछि त्यसले जिडिपीमा गर्न सक्ने योगदान बढ्न सक्ने देखिन्न ।



तथ्याङ्कअनुसार सन् २०१६ मा मुलुकको अर्थतन्त्रमा कूल तीन दशमलव नौ प्रतिशत टेलिकम क्षेत्रको योगदान रहेकामा सन् २०२३ मा आइपुग्दा एक दशमलव आठ प्रतिशतमा सीमित भएको छ । टेलिकम क्षेत्रको जिडिपीमा योगदान सन् २०१७ मा तीन दशमलव चार प्रतिशत, सन् २०१८ मा तीन प्रतिशत, सन् २०१९ मा दुई दशमलव सात प्रतिशत, सन् २०२० मा दुई दशमलव चार प्रतिशत, सन् २०२१ मा दुई दशमलव दुई र सन् २०२२ मा एक दशमलव नौ प्रतिशतमा सीमित भएको छ ।

टेलिकम क्षेत्रको आम्दानी मात्रै होइन, यसबाट राज्यले पाउँदै आएको राजस्वमा पनि कमी आएको छ । आव २०७६/७७ मा नेपाल टेलिकम र एनसेलले समग्रमा ६७ अर्ब ४८ करोड रुपैयाँ राजस्व बुझाएकामा आव २०७९÷८० मा आइपुग्दा २० अर्ब रुपैयाँले घटेर आएर ४७ अर्ब रुपैयाँमा सीमित भएको छ । नेपाल दूरसञ्चार प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक आनन्दराज खनाल तत्कालै कानुनमा संशोधन नगर्ने हो भने टेलिकम कम्पनीहरु सङ्कटमा पर्ने बताउँछन् ।

'टेलिकम कम्पनीहरुको आम्दानी निरन्तर घट्दो छ, यसको अर्थ उनीहरु सङ्कटमा पर्दैछन् भन्ने हो, खर्च बढिरहने तर आम्दानी कम हुँदै जाने हो भने यसले टेलिकम क्षेत्रलाई राम्रो गर्दैन', उनले भने, 'सरकारले तत्कालै उनीहरुका समस्या सम्बोधन नगर्ने हो भने समस्या सृजना हुन्छ ।'

खनाल कुनै एउटा टेलिकमले पुँजीगत खर्च गर्दाको फाइदा उक्त कम्पनीका लागि मात्रै नभई समाजका सबै वर्गलाई हुन्छ । जस्तै एउटा टेलिकमको टावर राख्दा मात्रै पनि घरधनीले मासिक रुपमा भाडा पाउँछन्, राज्यले कर पाउँछ, त्यसबाहेक आम नागरिकले टेलिफोन र इन्टरनेटको सेवा पाउँछन् । टेलिफोन र इन्टरनेटका माध्यमबाट हुने लाभ त छँदैछ । त्यसैले पूर्वाधारमा लगानी गर्नका लागि पनि कम्पनीहरुले पहिले कमाउनु जरुरी भएको उनको बुझाइ छ । पूर्वनिर्देशक खनाल अहिले बजारमा तेस्रो टेलिकम कम्पनीको सम्भावना भए पनि टेलिकम कम्पनीहरुको घट्दो आय र बढ्दो खर्चका कारण तत्काल नै नयाँ प्रतिस्पर्धी आउनेमा भने शङ्का रहेको बताउँछन् ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक सङ्गीता पहाडीले नयाँ बन्न लागेको दूरसञ्चार ऐनको मस्यौदामा आफूहरूले यस प्रकारको समस्या समाधान हुने गरी सुझाव दिएको बताउँछिन् । उनका अनुसार नयाँ ऐनमार्फत आवश्यक संशोधन नहुने हो भने टेलिकम कम्पनीहरु समस्यामा पर्छन् ।

'टेलिकम क्षेत्रले अहिले भोगिरहेका समस्या समाधानका लागि नयाँ ऐन निर्माण जरुरी छ, हामीले यसमा आवश्यक सुझाव पनि दिइसकेका छौँ, नयाँ ऐन निर्माणपछि अहिलेका अधिकांश समस्या समाधान हुनेछ भन्ने विश्वास छ', उनले भने । टेलिकम सेवाप्रदायक एनसेलका अनुसार अहिले टेलिकम कम्पनीहरुको कुल आम्दानीको तुलनामा पुँजीगत खर्च बढी गर्नुपर्ने अवस्था छ । कुल आम्दानीको ४८ प्रतिशत राजस्व विभिन्न शीर्षकमा सरकारलाई बुझाउनुपर्छ ।

तेह्र प्रतिशत मूल्य अभिवृद्धि कर, १० प्रतिशत सेवा शुल्क र दुई प्रतिशत स्वामित्व कर गर्दा कुल २१ दशमलव २ प्रतिशत करमै जान्छ । बाँकी रकमबाट सञ्चालन खर्च, स्पेक्ट्रम शुल्क, रोयल्टी शुल्क र ग्रामीण दूरसञ्चार कोषमा बुझाउनुपर्ने चार प्रतिशत रकम कटौती गर्दा रकम ३८ प्रतिशत रकम बचत हुन्छ । त्यसबाट लागत कट्टा, वित्तीय खर्च, अनुमतिपत्र नवीकरण शुल्क र किस्ता ऋणको तिर्दा औसतमा आठ प्रतिशत मात्रै रकम बाँकी रहन्छ । त्यसमा पनि संस्थागत कर तिरेपछि पाँच प्रतिशत रकमलाई नाफा मान्न सकिन्छ ।

'केही वर्षअघिसम्म पाँच प्रतिशत भए पनि रकममा ठूलो थियो, टेलिकम सेवा प्रदायकको आम्दानी नै करिब एक खर्ब रुपैयाँ थियो तर अहिले आम्दानी नै झन्डै २५ प्रतिशतले ओरालो लागिसकेको छभने आगामी वर्षमा अझ घट्ने अध्ययनले देखाएको छ', दूरसञ्चार विज्ञ उपाध्यायले भने । टेलिकम कम्युनिकेसन पनि खानेपानी, विद्युत्, फोहोर व्यवस्थापनलगायत जस्तै सार्वजनिक सेवा भएको उल्लेख गर्दै उनले मुद्रास्फीतिकै आधारमा शुल्क वृद्धि गर्न आवश्यक रहेको बताउँछन् । यद्यपि अन्य सेवामा जस्तो यस टेलिकम कम्पनीहरुले भने हालसम्म मुद्रास्फीतिकै आधारमा शुल्क वृद्धि पाएका छैनन् ।

वार्षिक छ अर्ब लगानी आवश्यक

टेलिकम क्षेत्रका विज्ञहरु टेलिकम क्षेत्रलाई यही अवस्थामा निरन्तर सञ्चालनका लागि वार्षिक रुपमा ६ अर्ब रुपैयाँको पुँजीगत खर्च आवश्यक रहेको बताउँछन् । तर टेलिकम कम्पनीले आम्दानी र नाफा घट्न थालेपछि पुँजीगत खर्च पनि घटाउँदै लगेका छन् । पछिल्लो वर्षहरुमा भ्वाइसबाट आम्दानी घटिरको छभने डाटा सेवामा उत्साहजनक वृद्धि भएको पाइँदैन र सेवा प्रदायकहरुले आफ्ना सेवाका शुल्कहरु परिमार्जन गर्दै बढाउन पनि सकेका छैनन् ।

'आजका दिनमा सेवा सञ्चालन गरिराख्नका लागि मात्रै पनि वार्षिक ६ अर्ब रुपैयाँ लगानी आवश्यक छ तर अहिले त्योभन्दा कम खर्च भइरहेको छ, यदि आम्दानी नबढ्ने हो भने टेलिकम क्षेत्रले सेवा विस्तार र गुणस्तर सुधारमा खर्च गर्न नसक्ने अवस्था रहन्छ', प्राधिकरणका पूर्वनिर्देशक खनाल भन्छन् । रासस

संस्कृति संरक्षण गर्न धार्मिक विधिअनुसार मूर्ति विसर्जन



तस्वीर सौजन्यः भरत रौनियार

मधेशदृष्टि
जनकपुरधाम ।
नाँच गान, टडक भडक, अश्लिल गीत, डिजेको चर्को स्वरका साथ हुने गरेको सरस्वती माताको मूर्ति विसर्जन अहिलेको हाम्रो समाजको यथार्थ हो । प्रविधिको युगमा मानिस जति आधुनिक भइरहेका छन्, त्यती नै आफ्नो धर्म, संस्कृति, रीति रिवाज र परम्परालाई बिर्सिदै टडकभडकमा रमाइरहेका छन् ।

सरस्वती पूजामा हामीले पूजाको विधि र तरिका भन्दापनि आधुनिक गीत संगीतमा बढी रमाइरहेका छौँ । भनौं, विद्यार्थीहरुका लागि सरस्वती पूजा अब धार्मिक अनुष्ठान रहेन रमाइलो गर्ने एउटा दिवस भएछ । हाम्रो समाजमा यो कुरीति हावी हुँदै गइरहेको छ ।

तर, हाम्रो समाजमा केही यस्ता व्यक्तिहरु पनि छन्, जसले अहिले पनि यी टडकभडकको युगभन्दा फरक धार्मिक विधि,संस्कार र परम्परा अनुसार मूर्ति विसर्जन गरिरहेका छन् । यस्तै पात्र मध्येका एक हुन जनकपुरधाम–४ विद्यापति चोकस्थित नेशनल कम्प्यूटर ट्रेनिङ्ग सेन्टरका संचालक अजय रौनियार । उनको सेन्टरका शिक्षक र विद्यार्थीहरु सरस्वती माताको प्रतिमा बिर्सजन गर्न गइरहँदा भक्तिमय वातावरण देखिएको थियो । उनीहरु भक्तिमय भजन किर्तन गर्दै घडीघण्टा सहित सडकमा देखिएका थिए ।

'सरस्वती पूजा हिन्दू धर्मको एक महत्वपूर्ण परम्परा हो । यसमा विद्या, कला, विज्ञान र संगीतको देवी सरस्वतीको पूजा गरिन्छ । यो पर्व विशेष गरी विद्यार्थी र शिक्षाशास्त्रसँग सम्बन्धित व्यक्तिहरूको लागि अत्यन्त महत्वको हुन्छ । त्यही भएर हामीले यस्तो परम्परागत अपनाएका हौं ।'

संचालक रौनियारले भने, 'सेन्टर संचालन गरेको दुई वर्ष भयो, विगत दुई वर्षदेखि नै हामीले यहि परम्परागत शैलीमा मूर्ति विसर्जन गर्दै आएका छौं, यो निरन्तर रहन्छ । विद्यार्थीहरु पनि अलि फरक महशुस गरे, यसले उनीहरुलाई आत्मसन्तुष्टि दिएको छ र उनीहरु खुसी देखिएका थिए । जहाँ अहिले हाम्रो समाजमा भडकीलो सरस्वती पूजालाई प्रोत्साहन प्रदान भइरहेको छ त्यहिँ हामीले आफ्नो परम्परालाई यथावत राख्दै धार्मिक विधिलाई अगाडी बढाउन खोचेको संचालक रौनियारको भनाई छ ।

नेपाल टेलिकमले मनायो २१ औँ वार्षिकउत्सव

अफरोज अर्पण
वीरगंज ।
नेपाल टेलिकमको विभिन्न कार्यक्रम गरी आफ्नो स्थापनमाको २१ औँ वार्षिकउत्सव मनाएको छ । मंगलबार वीरगंजस्थित क्षेत्रिय निर्देशनालय, श्रीपुरमा आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले टेलिकमले सेवा विस्तार गर्ने क्रममा छिटो छरितो र गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने बताए । उनले आफूले मेयरको पद सम्हालेदेखि एक पटक पनि टेलिकमसँग समन्वय गर्न नपाएको गुनासो गरे । वीरगंजको प्रत्येक वडासम्म नेपाल टेलिकमको सेवा विस्तारमा आफू सकरात्मक रहेको बताउँदै टेलिकमसँग समन्वय गरेर वीरगंज सहरको सौन्दर्यकरणमा योगदान पुर्याउन चाहेको बताए ।

नेपाल टेलिकमले विस्तार गरेको तारलाई व्यवस्थित गर्न पनि उनले आग्रह गरे । 'नेपाल टेलिकम लगायत विभिन्न निजी क्षेत्रका इन्टरनेट कम्पनी, विद्युत प्राधिकरणसँग समन्वय गरेर सहरको तार व्यवस्थापन गर्न हामी सबैबीच समन्वयको अभाव छ ।' उनले भने, 'वैभव वीरगंज निर्माणका लागि सहरको सौन्दर्यकरण गर्न आवश्यक छ, टेलिकमले आफ्नो कामलाई व्यवस्थापन गर्नुपर्छ ।'

कार्यक्रममा सम्बोधन गर्दै पर्साका प्रमुख जिल्ला अधिकारी गणेश आर्याललले टेलिकमले नागिरकको



गुनासोलाई चाडै सम्बोधन गर्नुपर्ने बताए । उनले टेलिकमले ग्राहकसँगको व्यवहार, कामको विधिलगायतक कुरामा विशेष ध्यान दिन सुझाव दिए । कार्यक्रमका अध्यक्षता गरेका नेपाल टेलिकम प्रादेशिक निर्देशनालय वीरगंजका निर्देशक नामाकर न्यौपानेले टेलिकमको प्राविधिक पाटोमा अब्बल रहेको बताए ।

'जुन प्रविधि अहिले जापन र अमेरिकामा प्रयोग गरिएको छ, सोही प्रविधि पनि नेपालमा छ, यसमानेमा हामी प्रविधिमा पछाडी छौनौं ।' उनले भने, 'पिसीओको अवस्थादेखि अहिले हात हातमा मोबाइल र घर घरमा इन्टरनेटको अवस्थामा पुगेका छौं, हामीले काम गर्ने शैली, व्यवहार र व्यवस्थापकीय पक्षमा केही मिहिनेत गर्नु पर्छ ।'

कार्यक्रममा २० वर्ष सेवा प्रदान गरेका कर्मचारीहरुलाई कदर पत्र र दीर्घ सेवा पदक सहित सम्मान गरिएको थियो भने पर्साका प्रहरी उपरीक्षक गौतम मिश्र, नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष ओम प्रकाश खनाल, टेलिकमका कर्मचारी, वितरक, विभिन्न ट्रेड युनियनका कर्मचारी लगायतकाको उपस्थिति रहेको थियो । यसअघि बिहान नेपाल टेलिकमले २१ वर्ष पार गरी २२ औँ वर्षमा प्रवेश गरेको अवसरमा वीरगंजमा प्रभातफेरी गरेको थियो ।

स्वास्थ्यमन्त्रीद्वारा एचपिभी खोप अभियानको उद्घाटन

मधेशदृष्टि
जनकपुरधाम ।
मधेश प्रदेशका स्वास्थ्यमन्त्री शत्रुधनप्रसाद सिंहले पाठेघरको मुखको क्यान्सरविरुद्धको (एचपिभी) खोप अभियानको उद्घाटन गरेका छन् । विश्व क्यान्सर दिवसका अवसरमा यहाँ आयोजित एक समारोहबीच उनले अभियानको उद्घाटन गरेका हुन् । जिल्ला जनस्वास्थ्य कार्यालयद्वारा धनुषाका ५६ हजार दुई सय ८२ किशोरीहरुलाई खोप लगाउन थालिएको सो अभियानअन्तर्गत १० देखि १४ वर्षकी किशोरीहरुलाई खोप दिइने छ । जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख उमेश यादवका अनुसार सो खोप अभियानका लागि जिल्लाका विभिन्न स्थानमा पाँच सय ४२ खोप केन्द्रमा खोप कार्यकर्ता तथा एक हजार ८४ जना स्वयंसेवक परिचालन गरिएको छ । पहिलो चरणमा यही माघ २३ गतेखि २८ गतेसम्म तथा दोस्रो चरणअन्तर्गत आगामी फागुन १ गतेदेखि फागुन छ गतेसम्म खोप अभियान सञ्चालन हुने कार्यालयले जनाएको छ ।

प्राप्त तथ्याङ्कअनुसार विश्वको एक सय ४७ वटा मुलुकका साथै नेपालमा पनि यो खोप शुरु भएको बताइएको छ । सो अवसरमा स्वास्थ्य तथा जनसख्यांमन्त्री सिंहले जनताको स्वास्थ्य एवं सुरक्षाका लागि मधेश प्रदेश सरकार सक्रिय रहने प्रतिबद्धता जनाउँदै पाठेघरको क्यान्सरबाट सुरक्षित राख्न एचपिभी खोप अभियानलाई सफल बनाउनुपर्ने बताए । जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले जिल्लामा यो खोप कार्यक्रम सफल बनाउन सबै स्थानीय तहलाई लिखित जानकारी गराएको बताउँदै क्यान्सर रोग नसर्ने भए पनि यसबाट सतर्क रहन आग्रह गरे ।

पर्सालगायत देशभर एचपिभी खोप अभियान शुरु

मधेशदृष्टि
वीरगंज ।
पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको एचपिभी (ह्युमन पेपिलोमा भाइरस) खोप अभियान पर्सा जिल्लामा मंगलबारदेखि शुरु भएको छ । वीरगन्ज महानगरपालिका–१४ स्थित मदरसा तौहिदुल इस्लाम सलफिया माध्यमिक विद्यालयमा मुस्लिम समुदायका बालिका र किशोरीलाई खोप लगाएर अभियानको शुभारम्भ गरियो । खोप अभियानको उद्घाटन पर्सा जिल्ला समन्वय समिति प्रमुख अजय सर्राफ र प्रमुख जिल्ला अधिकारी गणेश अर्याललले स्वास्थ्यकर्मीलाई खोप हस्तान्तरण गर्दै गरे। कार्यक्रममा स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा. मुक्तिनारायण साह, वडाध्यक्ष महबुब इलाही लगायतको



उपस्थिति थियो ।

स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार माघ २२ देखि फागुन ६ गतेसम्म सञ्चालन हुने अभियान अन्तर्गत पर्साका १४ वटै पालिकाका ३८ हजार ५५७ जना बालिका र किशोरीलाई खोप लगाउने लक्ष्य रहेको छ । दुई चरणमा खोप अभियान सञ्चालन हुने छ । पहिलो चरणमा माघ २२ देखि माघ २८ सम्म वीरगन्ज महानगरपालिकाको वडा नम्बर १ देखि १६, र दोस्रो चरणमा माघ ३० देखि फागुन ६ सम्म वीरगन्ज महानगरपालिकाको वडा नम्बर १७ देखि ३२ मा खोप अभियान सञ्चालन हुने छ । अभियानको अन्तिम दिन फागुन ६ गते खोप छुटेका बालिका र किशोरीका लागि हरेक वडाका स्वास्थ्य संस्थामा खोप केन्द्र स्थापना गरिनेछ ।

छैठौं साहित्य महोत्सव हुने

मधेशदृष्टि
जनकपुरधाम ।
जनकपुरधामको ऐतिहासिक र सांस्कृतिक महत्वलाई प्रवद्र्धन गर्ने उद्देश्यले माघ २४ देखि २६ गतेसम्म तीन दिवसीय जनकपुर साहित्य उत्सवको छैटौँ संस्करण गरिने भएको छ ।

उत्सवको छैटौँ संस्करण जनकपुरधामको राममन्दिर पार्कमा हुने छ । नवमिथिला फाउन्डेसनद्वारा आयोजित उत्सवमा सामाजिक, सांस्कृतिक, साहित्यिक र राजनीतिक विषयमा छलफल गरिनेछ ।

साहित्य महोत्सवको विषयमा जानकारी दिने उद्देश्यले गरिएको पत्रकार सम्मेलनमा साहित्य महोत्सवबाट जनकपुर क्षेत्रमा तीन दिनसम्म साहित्यिक गतिविधिका साथै मधेश मिथिलाको विभिन्न मुद्दामा बहस हुने आयोजकले जनाएको छ ।

उत्सव उद्घाटन समारोहमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई प्रमुख



अतिथिका रूपमा निमन्त्रणा गरिएको छ । फाउन्डेसनका अध्यक्ष अमित साहका अनुसार महोत्सवमा १७ वटा विभिन्न सत्र समेटिएका छन् ।

फाउन्डेसनका उपाध्यक्ष आदित्य नेपालले यसपटक १४ प्यानल डिस्कसन र ३ एकल प्रवचनको व्यवस्था गरिएको जानकारी दिए । महोत्सवका दौरान 'जनकपुरधामका चुनौती र अवसरहरू', 'डिजिटल युगमा पठन संस्कृति', 'क्रिकेटः समस्या, समाधान र सम्भावना', 'मधेश महिमाः उत्सवको व्यवसायीकरण', 'पढाइ, सिकाइ र वैज्ञानिक सोच', 'नीतिमा युवाको चासो', 'नेपालको पररा्ष्ट्र नीति र सिमाञ्चल', 'केन्द्रको दृष्टिमा मधेश', 'आन्दोलन र साहित्य', 'नेपाली उद्यमीको यात्रा', 'आनन्दको खोजी', 'समाज, साहित्य सिनेमा', 'मधेशको मत', 'कुलमान घिसिङको एकल प्रवचन', 'संविधान, संघियता र कानूनी राज्यको अभ्यास' लगायतका १७ शीर्षकमा गहन बहस हुनेछ । महोत्सवका अन्तिम दिन शास्त्रीय संगीतकार स्वर्गीय गुरुदेव कामतको परिवारलाई 'अमित झा साहित्य संगीत पुरस्कार' प्रदान गरिने उनले बताए ।

'सियाराम राज्यको परिकल्पनाः साहित्य र अर्थ राजनीति' सत्रको वक्ताका रुपमा राजनीतिक विश्लेषक सिके लाल छन् ।

'जनकपुरधाम चुनौती आ अवसर सब' सेसनमा जनकपुरधामका वर्तमान मेयर मनोज साह र पूर्व मेयर बजरङ्ग साह तथा वृषेश चन्द्र लाल रहने आयोजकले पत्रकार सम्मेलनमा जानकारी दिएको छ ।

'क्रिकेटः समस्या, समाधान र सम्भावना' सेसनमा सुयशराज प्याकुरेल, भावना घिमिरे र सुदीप शर्मा प्रमुख वक्ताका रुपमा रहने छन् । तीन दिनसम्म चल्ने महोत्सवमा भूषिता वशिष्ठ, रामअशिष यादव, मञ्जला झा, डा. सुरेन्द्र लाभ, दीपकराज जोशी, रानी शर्मा तिवारी, कञ्चन राय, पवित्रा बहादुर गौतम, अनिल महासेठ, वर्षा भण्डारी, निशा डाँगी, पुरन साह रौनियार, रहबर अन्सारी, तुलानारायण साह, सुधीर शर्मा, इम्तियाज वफा, मनीष झा, विप्लव प्रतीक, विभा झा, घनश्याम खड्का, कुलमान घिसिङलगायतका वक्ता रहने छन् ।

उपभोक्ता हितका लागि छुट्टै प्राधिकरण गठन माग



मधेशदृष्टि
वीरगंज ।
उपभोक्ता अधिकारकर्मीहरूले उपभोक्ता हित संरक्षणका लागि छुट्टै अधिकार सम्पन्न प्राधिकरण गठन गर्न सरकारसँग माग गरेका छन् । वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभागले वीरगंजमा आयोजना गरेको उद्योग र वाणिज्य क्षेत्रका प्रतिनिधिहरूसँगको अन्तरक्रियामा सहभागीहरूले उपभोक्ताको शिक्षा पाठ्यक्रममै समावेश गर्नुपर्ने र अनुगमनको कार्यलाई व्यवस्थित गर्न आवश्यक रहेको धारणा राखे । कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष अजय अधिकारीले नेपाललाई डम्पिङ साईटमा परिणत गर्ने खतराबारे चिन्ता व्यक्त गरे । उनले विभिन्न निकायहरूको क्षेत्राधिकार नसमेटिएका कारण गुणस्तर परीक्षणमा अनियमितता रहेको र यसले उपभोक्ता हितमा नकारात्मक प्रभाव पारेको बताए । उद्योगीहरूले भने अनावश्यक अनुगमनले व्यवसायीलाई त्रसित बनाएको गुनासो गरे । उनीहरूको भनाइमा राज्यका अन्तरसरकारी निकायबीच समन्वयको अभावले व्यवसाय सञ्चालनमा थप समस्या सिर्जना भएको छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाल, बारा उद्योग वाणिज्य संघका उपाध्यक्ष प्रदीप साह, तथा उपभोक्ता अधिकारकर्मी र व्यवसायीहरूले आ–आफ्ना धारणा राख्दै उपभोक्ता संरक्षणका लागि ठोस संरचना निर्माणको माग गरेका थिए ।

स्वास्थ्यकर्मीको आन्दोलनमा नेविसंघको ऐक्यबद्धता

मधेशदृष्टि
वीरगंज ।
वीरगंजस्थित नारायणी अस्पतालको भवन निर्माणका लागि स्वास्थ्यकर्मीहरुले गरिरहेको आन्दोलनका नेपाली कांग्रेस निकट विद्यार्थी संगठन नेपाल विद्यार्थी संघ(नेविसंघ)ले ऐक्यबद्धता जनाएको छ ।

नारायणी अस्पतालका चिकित्सक, कर्मचारी एवम् स्वास्थ्यकर्मीहरुले थालेको आन्दोलनप्रति नेविसंघ पर्साले ऐक्यबद्धता जनाएको हो । नेविसंघ पर्साका अध्यक्ष ई.रमेश यादवको नेतृत्वमा नारायणी अस्पताल पुगेको टोलीले संघर्ष समितिका संयोजक डा. निरज सिंहलाई ऐक्यबद्धता पत्र बुझाएका हो । स्वास्थ्य जस्तो समवेदनशील क्षेत्रलाई ढिलाई गरेर अन्यौल गर्ने कार्य कदापी सह्य नहुने अध्यक्ष यादवको भनाई छ । डा. सिंहले भवन निर्माणको प्रक्रिया अन्यौलमा हुँदा पूर्वाधारको अभावमा उपचार सेवा प्रभावित भइरहेको बताए । गरिब एवम् विपन्न बिरामीलाई शैय्या (बेड) नभएर फिर्ता गर्नुपर्ने अवस्थाको अन्त्यका लागि पनि भवन निर्माण जरुरी रहेको डा. सिंहको भनाई छ । सो अवसरमा नेविसंघका नेताहरु बिकास मण्डल, प्रकाश रौनियार लगायतको सहभागिता रहेको थियो । संघर्ष समितिको आन्दोलनमा यसअघि राष्ट्रिय वैश्य महासंघ नेपाल पर्साले पनि ऐक्यबद्धता जनाइसकेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन